जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१५ , अंक- २८, २०७९ साल माघ २४ गते मंगलबार (Feb 7, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।
सम्पर्कः ४१६७५७८ (बागबजार)
मोबाइलः ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# अस्ताए संस्थापक गभर्नर हिमालय शम्शेर राणा

**मोहन कार्की**

काठमाडौं । देशकै पहिलो अर्थसचिव, नेपाल राष्ट्र बैंकका संस्थापक गभर्नर हिमालय शम्शेर राणा यहि मितिः २०७९ साल माघ २२ गते आईतवार स्वर्गरोहण हुनु भएको छ । पछिल्लो समय उहा निमोनियावाट पिडित हुनुहुन्थ्यो उहाको नर्भिक हस्पिटल थापाथलीमा उपचारका त्रममा स्वर्गीय हुनुभएको हो । पिता जर्नेल लक्ष्मणशमशेर र माता विजयालक्ष्मी जबराको कोखबाट सन् १९२८ जनवरी १० मा जन्मिनु भएका राणाले भारतको मुम्बईस्थित स्कुल अफ इकोनोमिक्स एन्ड सोसिओलोजीबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको थियो ।

हिमालय शम्शेरको ईतिहास

२०००७ को दिल्ली सम्झौता पछि बनेको पहिलो संयुक्त सरकारमा अर्थमन्त्री हुनु भएका सुवर्णशमशेर जबराले हिमालयलाई पहिलो अर्थसचिव बनाउनु भएको थियो ।

नेपाली नोटमा पहिलो हस्ताक्षर



२०१३ सालमा नेपाल राष्ट्र बैंक स्थापना भएपछि हिमालय शम्शेर पहिलो (संस्थापक) गभर्नर बन्नुभएको थियो। पहिलो नेपाली नोटमा उहाकै हस्ताक्षर छ ।

भारु नोटको बिनिमय दर कायम गर्ने गभर्नर

भारु १०० को नेरु १६० हिमालय शम्शेरकै पालादेखि भारु १०० बराबर नेरु १६० कायम हुने गरी सटही दर निर्धारण गरिएको थियो, जुन अहिलेसम्म कायम छ ।

००७ सालमा त्रिपक्षीय दिल्ली सम्झौता पछि बनेको पहिलो संयुक्त सरकारमा अर्थमन्त्री बन्नुभएका सुवर्णशमशेरले अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएका हिमालय शमशेरलाई पहिलो अर्थसचिव बनाउनु भएको थियो ।

२०१७ पुस १ मा राजा महेन्द्रकोले राष्ट्रवादी लाईवाट सत्ता हातमा लिय लगतै सरकारले गभर्नवाट हटाएको थियो । त्यसपछि संयुक्त राष्ट्रसंघको जागिरे बनेर अमेरिका पुग्नुभएका हिमालय शम्शेर। त्यहाँबाट अवकाश पाएर स्वदेश फर्केपछि पनि हिमालयन बैंक स्थापना र सञ्चालनमै उहाले बिताउनु भएको थियो । हाल हिमालय बैंको प्रमुख कार्यकारी अधिकृत उहाकै जेठो छोरा अशोक शम्शेर जबरा रहनु भएको छ ।

२०१३ सालमा राष्ट्र बैंक स्थापना भयो, त्यसवेलामा नेपाल बैंक मात्र सञ्चालनमा थियोरु। त्यतिवेला, नेपालमा दुईवटा मुद्रा चलन चल्तीमा थिएरु। पहाड र उपत्यकामा नेपाली रुपैयाँ चल्थ्यो भने कैलालीदेखि झापासम्मको तराई भेगमा भारु मात्रै चल्थ्योरु। सरकारले नै भारुलाई कानुनी मान्यता दिएको थियोरु। मालपोत पनि भारुमै उठाउने, सरकारी दस्तुर पनि भारुमै असुल गर्ने र खर्च पनि भारुमै गर्ने प्रचलन थियो ।

पहिलो गभर्नर हुनुभएका हिमालय शम्शेरले एउटा सार्वभौम मुलुकमा दुई देशको मुद्रा व्यावहारिक नभएको ठहर गर्दै तराईमा भारतीय मुद्रा विस्थापन गर्ने नीति लिनुभयो । उक्त समयमा नेरु र भारुको सटही काठमाडौंमा इन्द्रचोक, मखन, असनका दुई-चारजना सर्राफीले गर्थे । पेन्सन थापेर आएका इन्डियन लाहुरेहरूसँग सस्तोमा भारु किन्ने र साउन-भदौतिर दसैंका लागि मालसामान झिकाउँदा व्यापारीलाई त्यही भारु महँगोमा बेचेर सर्राफीहरूले कमाइ गर्थेरु। सर्राफीहरूले भारुको भाउ बढाउनेबित्तिकै बाँकी ६ पृष्ठमा

# नेपाल टेलिकमले १९ औ बार्षिकोत्सव सम्पन्न

काठमाडौं । नेपाल टेलिकमले आफ्नो स्थापनाको १९ औं वार्षिकोत्सव कार्यक्रम (२०७९ माघ २२ गते) सम्पन्न गरेको छ। कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित समारोहमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष डा. बैकुण्ठ अर्यालको अध्यक्षता सम्पन्न गरेको हो ।




समारोहमा कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा रहकी थिइन । मन्त्री शर्माले दूरसञ्चार सेवा कुनै सेवा प्रदायकको आफ्नो व्यवसाय मात्र नभएर सार्वजनिक सेवा प्रवाहको आधारभूत माध्यम भएको सम्बोधन गर्ने क्रममा बताएकी थिइन । उनले नेपाल सरकारले सूचना प्रविधिको प्रयोगमार्फत नागरिकलाई प्रदान गर्ने नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र, भूमी अभिलेख व्यवस्थापन, स्थानीय पञ्जिकाधिकारी सम्बन्धी सेवाहरु, करसँग सम्बन्धित कार्यहरु लगायत सेवाहरु उपलब्ध गराइरहेको छ । यी सेवाहरु निरन्तर सुलभ रुपमा नागरिकलाई उपलब्ध गराउन दूरसञ्चार सेवा प्रदायक नेपाल टेलिकमको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको भन्दै टेलिकमको प्रशंसा गरेकी थिइन । सो अवसरमा बाँकी ६ पृष्ठमा

# एक्टिभ इन्टरटेन्टमेन्ट प्रा.लिको पाचौ बार्षिकोत्सव सम्पन्न

काठमाडौं । गीत, संगीत क्षेत्रमा काम गर्ने उदेश्य राखि स्थापना भएको एक्टिभ इन्टरटेन्टमेन्ट कम्पनीले




आफ्नो ४ बर्ष पुरा गरी पाचौ बर्षमा प्रवेश गरेको छ ।

उक्त अवसरमा एक कार्यक्रम गरी मनाइएको थियो । काठमाडौंस्थित नेपाल चलचित्र बोर्डको हलमा भएको कार्यक्रममा प्रा.लिका अध्याक्ष बिजेन्द्र नौवागेको सभापतित्वमा भएको थियो भने प्रमुख अतिथि उपसभामुख इन्दिरा राना मगरको रहेकी थिइन । भने विशिष्ट अतिथिहरुमा वरिष्ठ गायिका ज्ञानु राणा ,वरिष्ठ कलाकार तथा निर्देशक मोहन निरौला ,कलाकार तथा निर्देशक सुभास प्रसाद गजुरेल,चलचित्र प्राविधिक संघका अध्यक्ष पुस्कर लामा ,गायक तथा कलाकार पि.एन.सापकोटा ,चलचित्र निर्देशक अमर वली ,वेलकम इन्टरनेशनल प्रा.लि.का देवेन्द्र शारु मगर लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम सन्चालन संचारकर्मी तथा कार्यक्रम प्रस्तोता राजेश बर्देवाले गरेका थिए ।

सम्मानित हुने व्यक्तिहरु यस प्रकार छन् ।

पत्रकार मोहन कार्की, वरिष्ठ कलाकार उत्तम के.सी.वरिष्ठ कलाकार शिव शंखर प्रसाद रिजाल(जोगिन्दर पान वाला),वरिष्ठ म्यूजीक भिडियो निर्देशक शिव वि.क. लोकप्रिय गायिका जुनु रिजाल, चलचित्र नायक शितल के.सी,लोकप्रिय गायक रूपक डोटेल ,निर्देशक तथा भिडियो सम्पादक प्रेम शर्मा पौडेल ,लोक तथा दोहोरी गायक जीवन परियार, रेकर्डिष्ट तथा ध्वनी मिश्रण डिका गुरुङ, ध्वनी मिश्रण मनोज परियार , कलाकार खेम नेपाली , कलाकार कमल खड्का , मोडल रमेस विष्ठ , संचारकर्मी डिवी पराजुली ,वरिष्ठ समाज सेवी ,धन बहादुर नेपाली , यूवा समाजसेवी देव क्षेत्री , वरिष्ठ समाजसेवी राजु कार्की , कार्यक्रम सञ्चालक राजेश बर्देवा,रमेश बाबु थापा,मोडल उत्साह घिमिरे रहेका थिए ।

कार्यक्रममा गायीका जुनु रिजाल र गायक रुपक डोटेलले आफ्नो सांगीतिक प्रस्तुति राखेका थिए भने कर्ण प्रिय स्वरकी धनि ज्ञानु राणाले समेत गीत गाएर हललाई संगीतमय बनएकी थिइन ।



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# रवी र पत्रकारबीचको विवाद बन्द गरौं

नेपालमा बेला बेलामा आउने मुख्य चर्चा मध्य पुर्व गृहमन्त्री तथा रवि लामिछानेले गरेको पत्रकार सम्मेलन अघि र पछि देशमा विवादका शब्दहरु बजारमा छरप्रष्ट छन् । बेरोजगार भएर बसेका काम गर्न अल्छी राजनीतिक पार्टीको म यो पदको त्यो पदको भनेर खुल्ला चउरहरुमा घाम तापेर दिन काट्नेहरुका लागि त यो चर्चा पनि दिन बिताउनका लागि सजिलो भएकै होला । तर अनेकौ कठिनाई र समस्यासँग पैठेजोरी खेल्दै नेपालमा नै काम गर्छु, यही बाँच्छु यही मर्छु नेपाल नै मेरो स्वर्ग हो भनेर उच्च मनोवल राखि काम गर्ने नेपालीहरुलाई भने यस्ता राष्ट्रको महत्वपूर्ण अङ्गमा जिम्मेवारी संगाली आएका र संगाली रहेका निकायहरुमा नै विवाद र अविश्वास पैदा भएको देख्दा नेपालका उच्च मनोवल बोकेर हिडिरहेका तमाम देशभक्त नेपालीहरुलाई निरुत्साहित पार्ने काम भन्दा अरु केही हुन सक्दैन ।

रवि लामिछानेको नागरिता विवाद मात्र होइन उनले थालेको राजनीतिक अभियान पछि नै पक्ष र विपक्षमा नेपाली समाज विभाजन भएको थियो । त्यसको श्रृखला काही रोकिएन निरन्तर चल्दै आएको छ । यो यस्तै अवस्थाबाट जाने हो भने नेपालमा द्वान्द्वको रुप यसैले लिन सक्छ भन्ने संकेत ( रास्वपा) सभापति रवि लामिछानेले मितिः २०७८ साल माघ २२ गते गरेको काठमाडौमा पत्रकार सम्मेलनमा बोलेका अभिव्यक्ति र त्यसपछि त्यसैको प्रतिवादमा उत्रिएको पत्रकार महासंघको सार्वजानिक विज्ञप्ति, विभिन्न सञ्चरमाध्यमले रविको विरुद्ध लेखेका हेडिङलाईनहरु र सामाजिक सञ्जालमा आएका विभिन्न खालका धारणाहरुले द्वान्द्वलाई बल पुऱ्याउने देखिन्छ ।

विगतमा राज्यबाट असन्तुष्ट पक्षधरहरु सत्तामा पुग्न नपाएको झोकमा विद्रोह गर्ने गर्दथे त्यति बेलाको अवस्था र चेतना त्यहीस्तरको थियो । आजको परिस्थिति फेरिएर स्याटेलाईटको सरवरहरुबाट मोवाइलको इन्जिन, कम्प्युटरको इन्जिनबाट प्रवाह हुने विषयले ठाउँ पाउछन र मानिसहरु उक्त सञ्जालबाट नै समुह हुदै शक्तिको रुपमा विकास हुन्छन् । त्यस्तै भुउपग्रह, कम्प्युटर, ल्यापटप, मोवाइलको इन्जिनहरुको प्रविधिक प्रयोगमा दख्खल राखेर मानिसहरुमा आफ्नो धारणा पुऱ्याई शक्ति आर्जन गर्न सफल रवि लामिछानेले गरेको पछिल्लो प्रगति हो ।

त्यो प्रगतिसँग कतिपयको स्वार्थ गासिएको होला प्रत्यक्ष कतिको अप्रत्यक्ष अरुकै तर उनि नेपाली आमा बुबाका छोरा हुन् । रविले नेपालको कानुनी प्रत्रिया नपुऱ्याई बस्नु उनको दम्भ हो । त्यसै बिषयलाई लिएर विषय प्रशंगभन्दा बाहिरका कुरा समेत जोडेर अनेक खालका लान्छाना लगाउनु पत्रकारिता गरिरहेका केही सञ्चारमाध्यमको पनि कमजोरी भएको देखिन्छ । कमजोरी दुवै तर्फवाट भएको छन् । रविले नागरिता पुनः प्रप्ति गरेका छन् । उनले गल्ती सच्याएका छन् ।

पत्रकारहरुले तथ्य वाहिर ल्याउनु पत्रकारिताको धर्म हो । रविको नागरिताको विवाद पत्रकारहरुले नै बाहिर ल्याएका थिय । केही राजनीतिक आस्थामा भिन्नता राख्ने सञ्चार माध्यमले बिषयभन्दा बाहिरका कुरा उठाएर रविलाई उत्तेजित पार्ने काम गरेकै हुन् । यस्तो अवस्थामा रवि सयमित हुनुपर्थ्यो तर उनि समालिन सकेनन् । त्यसको परिणाम उत्तेजित हुन पुग्यो केही शक्तिहरु यस्तै होस भन्ने चाहन्थे भयो त्यस्तै । नेपालका राजनीतिक अस्थिरतामा लैजाने शक्तिहरुको योजनामा यो विवाद पनि एउटा सानो हिस्साको रुपमा गएको छ ।

अन्य खालका तयारीहरु त नेपाललाई द्धन्द्धामा फसाएर हतियार बेच्नका लागि लागेको लाग्यै छन् । यसरी अरुले हाम्रो नेपालको कमजोरीमा खेल्ने खेल खेल्न नदिन लाग्नुपर्ने निकायहरु नै यस्ता विवादमा फसेर बस्नु नेपालको हितमा हुदैन ।

केही ब्यक्तिका नाम आउलान्, चर्चा होलान् तर समग्र देशको हितमा यो काम हुदैन । त्यसकारण रवि र पत्रकार वीचमा भएका विवाद जसरी उठाउइदै छ । त्यो विवाद जारी राख्नु हुदैन । यसले राष्ट्रको हितमा काम गर्दैन । सम्बन्धित निकायहरुमा भएको कमजोरी मम भनेर सवैले आत्मआलाचित हुनुभन्दा अरु विकल्प छैन । खोक्रो प्रतिष्ठा पालेर दम्भ देखाएउदै जादा कसैको पनि भलो भएको पाइदैन । त्यसैले यस्ता जग हसाउँने विवाद बन्द गरौं ।

# कुरामा सुशासन, काम र व्यवहारमा कुशासन

सागर पण्डित

'मुलुक बन्दैन', 'नेताहरू सच्चिदैनन्', 'यी भ्रष्टहरूले देशलाई खाल्डोमा नै हाल्ने भए' 'देश बर्बाद बन्ने भयो' 'तस्कर बिचौलियाहरूले खतम बनाए' नेपालमा वर्षौंदेखि सर्वसाधारणले चिया पसलमा वा अनौपचारिक गफगाफमा अभिव्यक्त गर्ने भनाइहरू हुन् यी । सर्वसाधारण जनताले मुटमाथि ढुंगा राखी यस्तो अभिव्यक्ति दिने गरेका छन् । साच्चै नै नेताहरूले चलाएको कुशासन, भ्रष्टाचार र अनैतिक खेललाई सर्वसाधारण जनताले टुलुटुलु हेरेर बस्न बाध्य भइरहेका छन् ।

जब सरकारी निकायबाट आमनागरिकले सेवा सुविधा राम्ररी पाउँदैनन्, सरकारी सेवा लिन जाँदा कयौं दिन लाइनमा बसेर दुःखकष्ट झेल्नुपर्ने र अतिरिक्त पैसा तिर्नुपर्ने बाध्यता रहिरहन्छ, तबसम्म जनतामा नेता र शासकप्रति वितृष्णा पैदा भई नै रहन्छ । त्यसमा पनि हाम्रा पछिल्ला सरकार यस्ता भए, जसले जनतालाई वास्तविक रूपमा सरकार भएको अनुभूति दिनै सकेनन् । उनीहरू कुरा सधैं सुशासन, विकास र समृद्धिका गर्ने तर व्यवहारमा चाहिँ लुटतन्त्र र कुशासन मच्चाउने चरित्रका छन् । सबैभन्दा ठूलो कुरा व्यवहार र कार्यशैलीको हो । हामीकहाँ शासकहरूको व्यवहार र कार्यशैली नै अपारदर्शी र भ्रष्ट प्रवृत्तिको छ । उनीहरू भित्री रूपमा पाएसम्म कसरी हुन्छ, लुट्नमा नै अग्रसर हुने गरेका छन् ।

जबसम्म सरकारले स्वास्थ्य र शिक्षालाई आमनागरिकको पहुँचभित्र राख्नेगरी सुलभ बनाउन सक्दैन, रोजगारी सिर्जना गर्न सक्दैन र महँगी नियन्त्रण गर्न सक्दैन, तबसम्म त्यो सरकारको कामै छैन । त्यस्तो गर्न नसक्ने सरकार मृत र निर्जीवबराबर हो ।

शासक अनि लुटेराहरू आफ्नो स्वार्थ पूरा हुने, अकूत सम्पति आर्जन हुने र रातारात मालामाल हुने विषयमा एकजुट हुने गरेका छन् । जुनसुकै पार्टीका भए पनि स्वार्थ पूरा हुने विषयमा एकजुट हुने गर्छन् । उनीहरूलाई जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीका विषयमा कुनै मतलव छैन । मतलव हुँदो हो त नेपालमा नै रोजगारी सिर्जना हुनेगरी ठूलाठूला औद्योगिक प्रतिष्ठान बनाएका हुन्थे, त्यसैगरी स्वास्थ्य र शिक्षामा व्याप्त विकृति अन्त्य गरी यी दुवै क्षेत्र सर्वसाधारण जनताको सहज पहुँचमा हुने बनाउथे । तर, लोकतन्त्र प्राप्तिपछिका शासकहरू झनै यति महत्पूर्ण विषयमा पनि कहिल्यै गम्भीर नै भएनन् । जनताका लागि स्वास्थ्य र शिक्षा यति धेरै महँगो बन्न पुगेको छ कि सर्वसाधारण जनता रोग लाग्दा उपचारको अभावमा अकाल मृत्युवरण गर्न बाध्य भइरहेका छन् । सरकारी विद्यालयको गुणस्तर शून्यजस्तै छ । निजी विद्यालयहरूमा सर्वसाधारणको पहुँच नै छैन । माफिया र बिचौलियावाद हावी छ ।

जबसम्म सरकारले स्वास्थ्य र शिक्षालाई आमनागरिकको पहुँचभित्र राख्नेगरी सुलभ बनाउन सक्दैन, रोजगारी सिर्जना गर्न सक्दैन र महँगी नियन्त्रण गर्न सक्दैन, तबसम्म त्यो सरकारको कामै छैन । त्यस्तो गर्न नसक्ने सरकार मृत र निर्जीवबराबर हो । अहिले हामीकहाँ स्वास्थ्य, शिक्षामा देखिएको चरम विकृति र अचाक्ली महँगीका कारण मुलुकमा सरकार नै नभएको अनुभूति हुने गरेको छ ।

हरेक निर्वाचनमा राजनीतिक दल र तिनका नेताहरूले सुशासन, विकास र समृद्धिका ठूलाठूला भाषण छाँट्ने गर्छन् । भर्खरै सम्पन्न निर्वाचनमा पनि उनीहरूले त्यस्तै भाषण दोहोऱ्याए र जनताले केही हदसम्म पत्याउँदै भोट पनि दिए । तर, विडम्बना भोट जितेर काठमाडौं आउँदा नआउँदै नेताहरूले जनतासमक्ष गरेका सबै वाचा र प्रतिबद्धता बिर्सिएका छन् । सरकारको प्रारम्भिक असक्षमताले फेरि जनताहरू रनभुल्लमा पर्न थालेका छन् । हिजो जनतालाई वाचा गरेनुसारका सुधारको थालनी भएको कहीँ कतै देखिँदैन । उल्टो सबैतिर भ्रष्टाचार व्याप्त छ । भ्रष्टाचार रोक्न कहीँ कसैले कुनै पहलकदमी गरेका छैनन् । सर्वसाधारण जनताले खाने दालभात, तरकारी र लगाउने कपडा सबैमा भ्रष्टाचार व्याप्त छ ।

बजारमा एउटा पसल र अर्को पसलमा सामानको मूल्यमा अत्यधिक फरक छ । जसलाई जति लुट्न पनि छुट छ । बजारमा कुनै किसिमको अनुगमन छैन । डीडीसीले गाउँमा ४३ रुपैयाँ प्रतिलिटरमा दूध किन्छ र ९० रुपैयाँमा काठमाडौंमा बिक्री गर्छ । किसानबाट झन्डै ५० रुपैयाँ प्रतिलिटर नाफा स्वयं सरकारले खान्छ । किसानहरू सरकारबाटै ठगिनेक्रम जारी छ । सरकारले विभिन्न बहानामा कृषकलाई अनुदान दिने भनिए पनि वास्तविक किसानले अनुदान पाउदैनन् त्यस्तो अनुदान झोले कृषकमा पुग्छ । त्यसैगरी मल, औषधि, बिऊ, असली किसानले पाउँदैन । कृषिप्रधान देशमा सबैभन्दा बढी मार कृषकमाथि नै छ, अनि मुलुक कसरी विकास र समृद्धितर्फ अघि बढ्ला ? यो सबै भ्रष्टाचार र कमिसनतन्त्रकै उपज हो ।

माफियाको पैसाको बिटोअघि नेता, कर्मचारी र न्यायक्षेत्रका अगुवाले आफ्नो स्वाभिमान र इमान्दारिता बिक्री गर्ने गरेका छन् ।

मुलुकमा नयाँ सरकार छ तर यसले आमजनतामा उत्साह र उमंगको सञ्चार गराउन सकेको छैन । किनकि, यसले जनताको हित हुनेगरी प्रगतिशील कार्यक्रम ल्याउनै सकेको छैन । यसको सोझो अर्थ हो प्रधानमन्त्री, मन्त्रीहरू र उच्चपदस्थहरू बिचौलिया अनि माफियाहरूबाट घेराबन्दीमा परिसकेका छन् । यो नयाँ कुरा होइन, प्रायः सबैजसो शासक बिचौलिया र माफियाको घेराबन्दीमा पर्ने गरेका छन्, हामीकहाँ । त्यस्तो घेराबन्दीलाई तोड्न र बिचौलिया, माफियाको समूल नष्ट गर्न सक्ने तागत भएको इमान्दार र कर्तव्यनिष्ट शासकहरूकै अभाव हुँदै आएको छ । यदि, अपवादमा कोही त्यस्ता शासक र नेताहरू जन्मिहाले भने पनि उसलाई विभिन्न अरोप र फतुर लगाएर सिध्याइदिने खेल हुन्छ । किनकि यहाँको कर्मचारीतन्त्र र न्यायक्षेत्र पनि भ्रष्टाचारको आहालमा चुर्लम्म डुबिसकेका छन् । बिचौलिया र माफियाले राजनीतिक नेतृत्व मात्रै होइन प्रशासन र न्याय क्षेत्रलाई पनि आफ्नो मुठीमा राख्दै आइरहेका छन् । यो सबै लोभलालच, कमिसन र पैसाको चक्करले गर्दा हो । माफियाको पैसाको बिटोअघि नेता, कर्मचारी र न्यायक्षेत्रका अगुवाहरूले आफ्नो स्वाभिमान र इमान्दारिता बिक्री गर्ने गरेका छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्र यहाँको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा रहेकाहरूको गलत आचरण र व्यवहारका कारण दिनानुदिन संकटतर्फ पर्दै छ । यदि, उनीहरूले आफ्नो बानी व्यहोरालाई यस्तै भ्रष्ट प्रवृत्तिमा नै अघि बढाउने र नसच्याउने हो भने भोलि गएर छिट्टै मुलुकमा अर्को जनविद्रोह नहोला भन्न सकिने अवस्था छैन । जनताले उनीहरूको कर्तुत सधैं टुलुटुलु हेरेर बस्नेवाला छैनन् । यस्तै, संघीय शासनको महत्वपूर्ण जगका रूपमा रहेका स्थानीय सरकारहरू पनि भ्रष्टाचारमा डुबुल्की मार्नमै व्यस्त छन् । स्थानीय सरकार सेवा प्रवाहमा समेत नराम्ररी चुक्दै आइरहेको छ ।

टेबलमा आएका कागज मिलाइदिनु मात्र सेवा प्रवाह होइन । प्रभावित जनतालाई सेवा दिनु असल सेवा प्रवाह हो । स्थानीय तहको व्यपार, उत्पादन, सहजीकरण गर्नु पनि सेवा प्रभाव हो । कतिपय स्थानीय तहका जनप्रतिनिधिहरू नै व्यपारमा लागेका छन् । ढुंगा बालुवाको व्यपार अत्यधिक फस्टाएको छ । देश बनाउने'दयगतमा त उनीहरूलाई केही मतलव नै छैन । स्थानीय सरकारका प्रतिनिधिहरू पनि केन्द्रमा जस्तै बिचौलिया र माफियाको घेराबन्दीमा नै छन् । रोल मोडलका रूपमा कसैले पनि काम गर्न सकेका छैनन् । केन्द्रदेखि प्रदेश तथा स्थानीय तहसम्मै ठगी व्यापार निकै फस्टाइरहेको छ । त्यसलाई रोक्न कसैले कहीँबाट पनि प्रयास गरेको पाइँदैन ।

यसरी यहाँ मुलुक र मुलुकवासीहरू यहाँका शासक प्रशासक तथा न्याय क्षेत्रमा रहेकाहरूबाट सधैं ठगिँदै र लुटिँदै आएका छन् । तर, उनीहरू बाहिर राम्रो र सुशासनको कुरा गर्न थाक्दैनन् तर भित्रभित्रै भने कम्बल ओढेर मज्जाले घिउ खान उद्दत छन् । यो जनता र देशमाथिको ठूलो धोका र बेइमानी हो ।

**शासक अनि लुटेराहरू आफ्नो स्वार्थ पूरा हुने, अकूत सम्पति आर्जन हुने र रातारात मालामाल हुने विषयमा एकजुट हुने गरेका छन् । जुनसुकै पार्टीका भए पनि स्वार्थ पूरा हुने विषयमा एकजुट हुने गर्छन् । उनीहरूलाई जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारीका विषयमा कुनै मतलव छैन । मतलव हुँदो हो त नेपालमा नै रोजगारी सिर्जना हुनेगरी ठूलाठूला औद्योगिक प्रतिष्ठान बनाएका हुन्थे, त्यसैगरी स्वास्थ्य र शिक्षामा व्याप्त विकृति अन्त्य गरी यी दुवै क्षेत्र सर्वसाधारण जनताको सहज पहुँचमा हुने बनाउथे । तर, लोकतन्त्र प्राप्तिपछिका शासकहरू झनै यति महत्पूर्ण विषयमा पनि कहिल्यै गम्भीर नै भएनन् । जनताका लागि स्वास्थ्य र शिक्षा यति धेरै महँगो बन्न पुगेको छ कि सर्वसाधारण जनता रोग लाग्दा उपचारको अभावमा अकाल मृत्युवरण गर्न बाध्य भइरहेका छन् । सरकारी विद्यालयको गुणस्तर शून्यजस्तै छ । निजी विद्यालयहरूमा सर्वसाधारणको पहुँच नै छैन । माफिया र बिचौलियावाद हावी छ ।**

**जबसम्म सरकारले स्वास्थ्य र शिक्षालाई आमनागरिकको पहुँचभित्र राख्नेगरी सुलभ बनाउन सक्दैन, रोजगारी सिर्जना गर्न सक्दैन र महँगी नियन्त्रण गर्न सक्दैन, तबसम्म त्यो सरकारको कामै छैन । त्यस्तो गर्न नसक्ने सरकार मृत र निर्जीवबराबर हो । अहिले हामीकहाँ स्वास्थ्य, शिक्षामा देखिएको चरम विकृति र अचाक्ली महँगीका कारण मुलुकमा सरकार नै नभएको अनुभूति हुने गरेको छ ।**

# मुख्यमन्त्री गिरिसँग ट्रक यातायात व्यवसायी महासंघ लुम्बिनीका प्रतिनिधिको भेट

रुपन्देही । भारतीय ट्रकको निर्वाध नेपाल प्रवेशमा रोक, ढुवानी रोड



परमिट जाँचपास र बिलबुक नवीकरणलगायत समस्या समाधान गर्न मुख्यमन्त्रीसमक्ष व्यवसायीले माग राखेका छन् ।

रुपन्देही- लुम्बिनी प्रदेशमा मुख्यमन्त्री लीला गिरिले मालवाहक सवारीको संरक्षण गर्नु राज्यको दायित्व भएको बताएका छन्। सोमबार नेपाल ट्रक यातायात व्यावसायी महासंघ लुम्बिनी प्रदेशका व्यवसायीसँगको भेटमा मुख्यमन्त्री गिरिले यस्तो बताएका हुन् । भेटमा व्यवसायीले मुख्यमन्त्री गिरिलाई मालवाहक सवारी क्षेत्रले भोग्दै आएको समस्याबारे अवगत गराएका थिए । व्यवसायीले भारतीय ट्रकको निर्वाध नेपाल प्रवेशमा रोक, ढुवानी रोड परमिट जाँचपास र बिलबुक नवीकरणका लागि वार्षिक एकै पटक गर्नुपर्ने, पटक-पटक गर्नुपर्ने झन्झटिलो प्रणाली अन्त्य गर्नुपर्ने माग मुख्यमन्त्रीसमक्ष राखेका थिए । मुख्यमन्त्री गिरिले मालवाहक ट्रक यातायात सरकारका लागि अपरिहार्य भएकाले व्यवसायी र उपभोक्तामुखी नीति निर्माण गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको नेपाल ट्रक यातायात व्यवसायी महासंघ लुम्बिनी प्रदेश संयोजक यमप्रसाद पाण्डेले जानकारी दिए । भेटमा लुम्बिनी प्रदेशका संयोजक यमप्रसाद पाण्डे, महासंघका पूर्वअध्यक्ष अर्जुन रानाभाट, वरिष्ठ उपाध्यक्ष लोकराज पोखेल, उपाध्यक्षद्वय विष्णुप्रसाद न्यौपाने, केन्द्रीय सदस्य प्रताप कार्की सहभागी थिए ।

यस्तै, राप्ती संयुक्त ट्रक व्यवसायी समिति अध्यक्ष रत्नप्रसाद श्रेष्ठ, पश्चिमाञ्चल यातायात व्यवसायी

समितिका महासचिव हरिप्रसाद कँडेल, उपाध्यक्ष गणेश घिमिरे, उपाध्यक्ष खगराज गौतम, महासंघका प्रदेश प्रेस सल्लाहकार सुमन अधिकारी, प्रदेश सचिव कमल केसीगायत उपस्थित थिए । महासंघ प्रतिनिधि मण्डलले लुम्बिनी प्रदेशका सभामुख तुलबहादुर घर्ती र बिनाविभागीय मन्त्री चेतनारायण आचार्यलाई समेत भेटेको थियो ।

# भ्रष्टाचार तथ्यांकमा दक्षिण एसिया र नेपाल

**विश्वनाथ खरेल**


राष्टूको शान्ति, विकास र स्थायित्वलाई प्रत्यक्षअप्रत्यक्ष रूपमा प्रभाव पार्ने अग्रपंक्तिमा रहेका तत्वहरूमध्ये भ्रष्टाचार पनि एक हो । देशमा भ्रष्टाचारीकै रजगज छ । अरू क्षेत्रमा जतिसुकै अन्योल भए पनि भ्रष्टाचारको दिशा स्पष्ट छ । साँच्चै भन्ने हो भने राजनीतिक अन्योल बढ्दा भ्रष्टाचारको दिशा झन् स्पष्ट हुन्छ र झन् सहज हुन्छ । सन् १९९५ देखि करप्सन इन्डेक्स विश्वको भ्रष्टाचारलाई मापन गर्ने एउटा अन्तर्राष्ट्रिय इन्डिकेटर बनेको छ, जसले विश्वका १ सय ८० मुलुकको पब्लिक सेक्टरमा हुने भ्रष्टाचारलाई मापन गर्छ । यो कार्यका लागि ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्वभरबाट कैयौं ख्यातिप्राप्त संस्था जस्तै( विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरमलगायत अन्य प्राइभेट संस्थाको आधिकारिक तथ्यांकलाई आधार बनाएर नतिजा निकाल्ने गर्छ ।

हाम्रो देशले सन् २०२२ मा पनि कुनै खासै प्रगति नगरेर दुई वर्षयता ३३ बाट मात्र ३४ अंकमा रहेको सत्य अंक(तालिकाले उजागर गरेको छ, जसअनुसार नेपाल ३४ अंकसहित १ सय १० औं स्थानमा छ । गत वर्षबाट कुनै प्रकारको परिवर्तन नहुनु नेपालका लागि एउटा लज्जाको विषय पनि हो । मूलत: भ्रष्टाचारीका अगाडि सदाचारी निरीह बनेका छन् । विश्व तथ्यांकलाई हेर्ने हो औंलामा गन्न सकिने देशबाहेक ठूला विकसित भनिएका देश पनि भ्रष्टाचारले प्रभावित देखिएका छन् । फलत: विकसित र विकासोन्मुख मुलुकमा यसको स्वभाव भिन्न(भिन्न पाइन्छ । भ्रष्टाचार सामाजिक र आर्थिक अपराध हो । विश्वमा नै कहालीलाग्दो सन्जाल फिँजाएको यो महारोगबाट नेपाल पनि अछुतो रहन सकेको छैन । नेपालमा सत्ता संघर्षका कारण भ्रष्टाचार संस्थागत हुँदै आएको छ । विगत १ सय ५० वर्षदेखिको सत्ता संघर्ष र यसले निम्त्याएको राजनीतिक गतिरोधका कारण भ्रष्टाचारीहरूको संरक्षण हुँदै आएको छ । राज्यका सबै क्षेत्रमा भ्रष्टाचारको व्यापक प्रभाव परेको छ । केन्द्रीकृत परम्परावादी राज्य प्रशासन भ्रष्टाचारको मुख्य जड हो । भ्रष्टाचारविरुद्धको महासन्धि सक्रिय रहेको अवस्थामा भ्रष्टाचारको शल्यक्रिया गर्न सिंहदरबार परिसर सक्रिय हुन जरुरी छ । यो भ्रष्टाचार नियन्त्रण सुधारको पूर्वसर्त हो । तसर्थ सिंहदरबार परिसरभित्रकै उपल्लो दर्जाका राजनीतिक तथा प्रशासनिक नायकहरूले आफूलाई सच्याएर भ्रष्टाचारबाट पृथक् रहन र सुशासनको सहज अवतरण गराउन नितान्त आवश्यक छ । ढिलै भए पनि नेपाली जनताको मुहारमा मुस्कान ल्याउने सर्वोत्तम उपाय पनि यही हो । यसका अतिरिक्त राजनीतिक क्षेत्रमा आधुनिकता, वास्तविक प्रजातन्त्रको अभाव, कानुनी शासनको अभाव, नागरिक सर्वोच्चता, पारदर्शिता र जवाफदेहिता नहुनु, सुशासनको अभाव, प्रभावकारी कानुनको अभाव र विद्यमान कानुनमा कम दण्डको व्यवस्थाका कारण विगतमा भ्रष्टाचार मौलाएको थियो । अत: आर्थिक क्षेत्रमा उच्च दरले आर्थिक विकास हुन नसक्नु, आयस्रोतमा कमी, राज्यको दायित्व कम गरिनु र सन् १९९० को दशकमा नेपालमा प्रजातन्त्रसँगै आर्थिक उदारीकरण र पश्चिमी मोडलको विकास प्रक्रिया अगाडि बढाउँदा देखिएको नीति कार्यान्वयनका असर, कर्मचारी वर्गको भ्रष्टाचार नियन्त्रणका कठिनाइ तथा बाधा, परम्परावादी शासन प्रणालीका कारण प्रजातान्त्रिक परिपाटीको भावना र मर्मअनुसार राज्यसंयन्त्रले कार्य गर्न नसक्नु, साथै नागरिक सर्वोच्चता र शक्ति पृथकीकरणको भावनाअनुसार कार्य नहुनु भ्रष्टाचार नियन्त्रणको मुख्य कठिनाइ हो । देशमा बढ्दो राजनीतिक नेतृत्वमा प्रतिबद्धताको अभाव र राजनीतिक नेतृत्वबाट शक्तिको दुरुपयोग, महँगो निर्वाचन पद्धति र राजनीतिक दलहरूको वित्तीय पक्ष पारदर्शी नहुनु, राजनीतिक दलको आर्थिक व्यवस्थापन र आचरणसम्बन्धी कानुन निर्माण नहुनु प्रमुख बाधाहरू हुन । अव्यावहारिक कानुन र प्रभावकारी भ्रष्टाचार नियन्त्रणका कानुन तथा राज्य संयन्त्रको अभाव, आर्थिक विकास भई प्रतिव्यक्ति आय कम हुनु, राज्यको स्रोतको समानुपातिक वितरण हुन नसक्नु थप चुनौती हो । देशमा हुने विभिन्न खाले भ्रष्टाचारलाई नियन्त्रण गर्न परिचालित निकायहरूले अपेक्षाअनुरूप काम गर्न सकेको देखिन्न । तर पनि भ्रष्टाचारको पहाड कहाँ कति अग्लो छ, त्यो भने सबैभन्दा बढी अनियमितता स्थानीय निकायमा हुने गरेको छ । विगतमा भएगरेका सार्वजनिक लेखा समितिको व्यवस्था र त्यसको सक्रियता, शक्ति पृथकीकरणको सिद्धान्तअनुसार संवैधानिक निकायका रूपमा महालेखा परीक्षक विभागको व्यवस्था हुनु मुख्य सबल पक्ष हो । अर्कातिर हेर्ने हो भने भ्रष्टाचार निवारण ऐन(२०५९ निर्माण र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन(२०४८ मा संशोधनका साथै अख्तियार दुरुपयोग आयोग नियमावली(२०५९ निर्माण हुनु, विशेष अदालतको गठन हुनु आदि हो । त्यस्तैगरी भ्रष्टाचार नियन्त्रणका दुर्बल पक्षलाई पनि समष्टि रूपमा अवलोकन गर्ने हो भने अख्तियारको कारबाही पूर्वाग्रही हुनु, सम्पत्ति छानबिन आयोगको प्रतिवेदन सार्वजनिक नगरिनु, भ्रष्टाचारलाई राजनीतिक प्रतिशोधको हतियारका रूपमा लिनु, प्रजातान्त्रिक निकाय र परिपाटीको भूमिका राज्य प्रणालीमा गौण बन्दै जानु मुख्य दुर्बलता हुन् । भ्रष्टाचार नियन्त्रण गर्ने निकायमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्रोत र साधनको कमी र स्वतन्त्र हुन नसक्दा राजनीतिक द्वन्द्व हावी हुनु, राजनीतिक गतिरोधका कारण बहुलवादी खुला समाज सुशासनमा ह्रास आउनु, राजनीतिक स्थायित्व र प्रजातन्त्रको प्रवर्द्धन हुन नसक्नु, पारदर्शिता र जवाफदेहिता घट्नु, शासन प्रणाली असफलतातर्फ उन्मुख हुनु आदि दुर्बलका चुनौती हुन् । अत: मुलुकमा रहेका भ्रष्टाचारी नेता तथा कार्यकर्ताहरूलाई राजनीतिक दलले कडाभन्दा कडा रूपमा कारबाही गर्ने नीति बनाउनु आवश्यक छ ।

त्यस्तैगरी निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, न्यायिक तथा अर्धन्यायिक निकायहरूलाई स्वतन्त्र बनाउने उनीहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । भ्रष्टाचारविरोधी नागरिक समाज र गैरसरकारी संस्थाको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । देशमा विद्यमान पत्रकार एवं नागरिक समाजले नियमित अनुगमन तथा मूल्यांकन गरी भ्रष्टाचारसम्बन्धी सम्पूर्ण सूचना जनसमक्ष पुऱ्याउन आवश्यक तथा जरुरी पनि भइसकेको छ । राज्यले समान रूपमा जनतालाई आर्थिक अवसर उपलब्ध गराउनु नितान्त आवश्यक छ ।

यस परिपाटीबाट मुलुकको प्रजातन्त्रलाई सबलीकरण गर्नुपर्छ र पारदर्शितामा जोड दिइनुपर्छ, जसले गर्दा भ्रष्टाचारको अनुगमन गर्न सकिन्छ । राष्टूले लाभको पद ग्रहण गर्ने व्यक्तिलाई शपथ गराउँदा गोपनियताका साथै भ्रष्टाचार गर्दिनँ भनी कसम पनि खुवाउनुपर्छ । स्वच्छ र सफा व्यक्तित्वको आगमनले गर्दा भ्रष्टाचारी मनोवृत्तिलाई कम गर्ने प्रवृत्तिको उजागर हुँदै जान्छ । कुनै पनि स्वच्छ व्यक्तिको सम्पत्ति कहाँबाट, कुन स्रोतबाट र कसरी आयो भनी खोजबिन गर्ने परिपाटी बसाल्नुपर्छ । भ्रष्टाचार न्यूनीकरणका लागि देशव्यापी रूपमा प्रभावकारी अभियान सञ्चालन गर्न सकिएको छैन ।

यसका लागि बेलैमा युद्धस्तरमा कदम चाल्नुपर्ने भएको छ, जसले गर्दा यसको विभिन्न पत्रपत्रिकामार्फत पनि तुरुन्त कहाँ, कसले, के(कति रकम भ्रष्टाचार गऱ्यो भन्ने तुरुन्त दिन सकियोस् । यसले गर्दा हाम्रो देश साँच्चै नै लोकतान्त्रिक मुलुक हुन सक्छ । हाल भ्रष्टाचारविरुद्ध भएका गतिविधि र अख्तियारलाई क्रियाशील बनाउने कार्य २०४६ सालको प्राप्तिपछि संसद्को कार्य हो । अत: भ्रष्टाचारलाई पूर्ण रूपमा निर्मूल गर्न नसकिए पनि नियन्त्रण गर्नका लागि नेपाली राजनीति र राज्य प्रणालीबाट केही हदमा भए पनि रोक्न भने पक्कै सकिन्छ । यसो गर्नाले केही हदसम्म भए पनि भ्रष्टाचार गर्न रोकिने कुरामा कसैको दुईमत नहोला । नेपालमा राजनीतिक तह र सार्वजनिक पदमा बसेका व्यक्तिले सबैभन्दा धेरै भ्रष्टाचार गरेको पाइएको एक अध्ययनले देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलद्वारा गत माघ १७ गते सार्वजनिक भ्रष्टाचार अवधारणा सूचकांक सिपिआई(२०२२ को प्रतिवेदनमा न्यायालय, संसद्, सुरक्षा निकायलगायतका पदाधिकारी र प्रतिनिधिद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग गरी भ्रष्टाचार गरेको देखाइएको छ । यसमध्ये पनि सबैभन्दा बढी संसद्, कार्यपालिका र न्यायपालिकामा बढी भ्रष्टाचार भएको प्रतिवेदनमा उल्लेख छ । विभिन्न परिसूचकको कसीमा हेर्दा नेपाल दक्षिण एसियामा अफगानिस्तान पछि विधिविहीनता, भ्रष्टाचार, दण्डहीनता र अराजकताबाट ग्रसित राष्टूको रूपमा चिनिएको छ । यसका साथै वित्तीय अनुशासन, सुशासन, दण्डहीनता र भ्रष्टाचारको अन्त्य भन्ने कुरा नारामै सीमित रहेको र सरकारी संरक्षणमा एकपछि अर्को अर्बौंका काण्डहरू भइरहेको पृष्ठभूमिमा मुद्रा निर्मलीकरण अनुगमन गर्न बनेको अन्तरसरकारी वित्तीय कार्यदल फाइनान्सियल एक्सन टास्कफोर्स नामक एउटा शक्तिशाली अध्ययन अनुसन्धान टोली नेपाल आउने सम्भावना बढ्दै छ । यसले विश्वभरि घुमिरहेको आपराधिक गतिविधि र त्यससँगैको कालोधनको चलखेललाई नियाल्छ । समग्रमा भन्नुपर्दा सन् २०२२ को विश्व तथ्यांकअनुसार नेपालको ग्लोबल औसत सधैंझैं ४३ रहेको छ, जुन दस वर्षदेखि एउटै छ । यो नतिजामा विश्वका दुईतिहाइ देशको औसत अंक ५० भन्दा तल छ । कारोवार




# रामेछाप डायरी

## गोकुलगंगा गाउँपालिकामा शिक्षा सम्बन्धि दुईदिने अनुशिक्षण कार्यक्रम सम्पन्न

रामेछाप । रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका अर्न्तगतका विद्यालयहरुका व्यवस्थापन समिति, शिक्षकहरुलाई शिक्षा सिकाई र व्यवस्थापन सम्बन्धि दुईदिने अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । यहि १७ र १८ गते गोकुलगंगा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको सहजिकरणमा उक्त कार्यक्रम भएको हो । कार्यक्रमको प्रमुख अतिथि गाउपालिका अध्यक्ष काजी बहादुर खड्का रहनु भएको थियो भने कार्यक्रमको अध्यक्षता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत होम बहादुर थापाले गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी प्रक्षार्थीहरुलाई शिक्षा बिद प्राध्यापक डा.बिद्यानाथ कोईरालाले विद्यालयका ब्यवस्थापन समितिका अध्यक्ष ,सक्रिय महिला सदस्य र प्रधानाध्यापकहरुको लागि २ दिने प्रशिक्षण तालिम दिनुभएको थियो ।

गोकुलगंगा गाउँपालिकाले व्यक्तिगत घटना दर्ता, नागरिकता सिफारिश तथा राष्ट्रिय परिचय पत्र सम्बन्धि १ दिने अनुशिक्षण माघ १४ गते गरेको थियो । त्यस्तै आलु जोन क्षेत्रमा प्रधानमन्त्री कृषि परियोजना रामेछापको सहयोगमा पालिका अध्यक्ष खड्काले ट्यिाक्टर वितरण गर्नुभएको थियो

## रामेछाप उद्योग वाणिज्य संघको १४ औं वार्षिक साधारण सभा सम्पन्न


रामेछाप । रामेछाप उद्योग वाणिज्य सङ्घ, रामेछापको १४ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । शनिवार मन्थली स्थित सामुदायिक हलमा एक भव्य सहमहारोकाबिच २०७६ सालमा निर्वाचित पदाधिकारीले अन्तिम साधारण सभा सम्पन्न गरेका हुन् । सङ्घका अध्यक्ष केशव प्रसाद घिमिरेको अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको सभामा सङ्घको संगाठानीक प्रतिवेदन र आर्थिक प्रतिवेदनमाथि बन्दशत्रमा छलफल हुने गरी औपचारिक सभा सकिएको हो । औपचारिक सभामा बोल्दै उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष श्रेष्ठले बैंकले बढाएको ब्याज तिर्न सक्ने व्यवसायीको अवस्था नरहेको भन्दै उद्योग व्यवसायमा ताला लगाउनु पर्ने अवस्था रहेको गुनासो गरे । उनले बैंकका कारण व्यवसायीहरू अत्यन्तै अप्ठेरोमा परेको उल्लेख गर्दै बैंकले आफूहरूलाई दुष्मनीको दृष्टिले हेर्न थालेको आरोप लगाए । उपाध्यक्ष श्रेष्ठ बैंकको १६ प्रतिशतसम्म ब्याज तिर्न नसक्दा आज व्यवसायीहरू आत्मदाह गर्न बाध्य भएको बताए ।

त्यस्तै जिल्ला समन्वय समिति रामेछापकी प्रमुख चिना खड्का (कार्की) ले पनि व्यावसायिक क्षेत्रमा मात्रै नभएर समग्र क्षेत्रमा आर्थिक मन्दी लाग्दा सबै मलिन र दुखित हुनु परेको बताइन् । उनले सङ्घको निर्वाचन आएको उल्लेख गर्दै नयाँ नेतृत्व संस्थामा बसेर राजनीति गर्ने भन्दा काम गर्ने खालको आउनु पर्नेमा जोड् दिइन् । उनले सङ्घले जिल्लाका विभिन्न स्थानमा रहेका उद्योगी व्यवसायीहरूको समस्याको पहिचान गरी सरोकारवालानिकायसँग समन्वय गरेर समाधानमा लाग्न आग्रह गरिन् । त्यस्तै मन्थली नगरपालिका प्रमुख लव श्रेष्ठले समृद्ध नगरपालिका बनाउनका लागि निजी क्षेत्रसँग सहकार्य गरेर नगरपालिकाले काम गर्ने बताए । यहाँका बजार क्षेत्रका व्यवसायीहरूको हित र प्रवर्द्धनमा ध्यानमा राखेर नगरपालिका अहिले बजारको व्यवस्थापन गरिरहेको बताए । तर, त्यसमा केही कमजोरी भएको स्वीकार गर्दै काम गर्दा सबैको सुझावको अपेक्षा गरेको बताए । त्यस्तै रामेछाप नगरपालिका प्रमुख लवश्री न्यौपानेले सङ्घले जिल्लामा उत्पादन भएका वस्तु तथा सेवा र आयात भएका वस्तुको विवरण पत्ता लगाएर यहाँको स्थानीय उत्पादनलाई यही खपत गर्ने वातावरण बनाउन जोड् दिए । उनले यहाँका स्थानीय उत्पादनलाई बजारीकरण गर्न प्राथमिकता दिँदै उपभोग गर्न आग्रह गरे । साथै उनले स्थानीय सरकारले गर्न चाहेका धेरै काम नीति र विधिका कारणले अवरोध पूर्याएको सुनाए ।

त्यस्तै नेपाली काँग्रेसका उपसभापति लेखबहादुर कार्की, एमालेका मन्थली नगर कमिटी अध्यक्ष, रामबाबु घिमिरे, माओवादीका नेता उद्दब रम्तेल, राप्रपाका नेता लगायतले सङ्घले हाल सम्म गरेका काम आगामी योजना र गर्नु पर्ने काम बारे खबर दारी सहित धारणा राखे । संघले साधारण सभाको अवसरमा विभिन्न विधामा व्यवसायी,पूर्वअध्यक्ष लगाएतलाई सम्मान पनि गरेको छ । संघको निर्वाचन आउँदो फागनुको २७ गते हुने यस अगाडिनै निर्णय गरि सकिएको छ ।

## शैक्षिक क्षेत्र सुधार गर्न सकियो भने समृद्धिको एउटा खुड्किला पार गर्न सकिन्छः मेयर श्रेष्ठ

रामेछाप । मन्थली नगरपालिका प्रमुख लव श्रेष्ठले नगरपालिका सुधारको लागि सबै भन्दा पहिला शैक्षिक क्षेत्र सुधार गर्न आवश्यक रहेको बताएका छन् । शनिबारबाट मन्थलीमा सुरु भएको प्रारम्भिक बाल विकास पूर्व प्राथमिक शिक्षाका बाल शिक्षकहरूका लागि पुर्नताजगी कार्यक्रममा बोल्दै प्रमुख श्रेष्ठले शिक्षा क्षेत्र सुधार नगरपालिकाको लागि जटिल कामको रूपमा रहेको बताएका हुन् । उनले नगरपालिकाले शैक्षिक क्षेत्र सुधारको कामलाई पहिलो प्राथमिकतामा




राखेको श्रेष्ठले बताएका थिए । 'मन्थली नगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, स्वरोजगार, पर्यटन सामाजिक विकासका कामलाई एकै साथ लैजान चाहेको कार्यक्रममा बताए। यी क्षेत्रलाई प्राथमिकतामा राखेर नगरपालिकाले बजेट समेत विनियोजन गरेको छ भन्दै, यसमा नागरिकको समेत सहयोगको अपेक्षा रहेको सम्बोधनको क्रममा बताए । बालबालिकाको मनस्थितिलाई डोहोर्याएर सही दिशामा अघि बढाउने भूमिका शिक्षकको हुने भएकोले समाज र परिवारबाट लिएर आएका कतिपय खराब आचरण शिक्षकको सही दिशानिर्देशबाट मात्र सुधार हुनसक्ने श्रेष्ठ मेयरको भनाई थियो । समाजका सबै सरोकारवालासँग सहकार्य गरेर शिक्षा क्षेत्रको सुधारको लागि अग्रणी भूमिका निर्वाह गरिदिन उनले शिक्षकहरूलाई अनुरोध गरेका थिए ।

# महालक्ष्मी विकास बैंकद्वारा विभिन सामाजिक उत्तरदायित्व कार्यक्रम सम्पन्न

महालक्ष्मी विकास बैंक लिमिटेडका शाखाहरुद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरर्गत विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् । सबल बैंक, सफल सहकार्य को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत




२८ वर्ष देखि अनवरत रुपले गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकले सामाजिक उत्तरदायित्वका कार्यक्रहरु गर्दै आइरहेको छ ।

बैंकको हेटौडा शाखाले मानव सेवा आश्रमलाई भवन निर्माणार्थ अक्षेरुपी बिस हजार रुपैयाको आर्थिक सहयोग प्रदान गरेको छ । साहारा विहिन, अशक्त, असाहाय, शारिकि तथा मानसिक रुपमा कमजोर आदिका लागि खाना कपडा र बस्ने व्यवस्था गरी साहारा प्रदान गर्दै आएको मानव सेवा आश्रमलाई भवन निर्माणमा सहयोग पु-याउने उद्देश्यले बैंकले उक्त आर्थिक सहयोग प्रदान गरेको हो । त्यस्तैगरि बैंकको सुकेधारा शाखाले मैजुहिटी वडा नं ७ काठमाडौंमा अवस्थित टोखा जेष्ठ नागरिक समाजलाई टेबुल हस्तान्तरण गरेको छ । नगरपलिकाका वडा नं १ देखि ११ सम्मका जेष्ठ नागरिकलाई पर्नसक्ने कठिन कार्यमा सहयोग पुर्याउनका लागि स्थापित यस समाजमा कार्यालय प्रयोजनार्थ बैंकले टेबुल प्रदान गरेको हो । कार्यक्रम सँगसगै बैंकको चन्द्रौटा शाखाले शिवराज नगरपालिका वडा नं ५ मा अवस्थित राष्ट्रिय माध्यामिक विद्यालयमा नर्सरी देखि कक्षा ३ सम्म अध्ययनरत १८६ जना विद्यार्थीहरुलाई स्वीटर हस्तान्तरण गरेको छ । विद्यालय अवस्थित क्षेत्रमा अत्याधिक चिसो बढेकोले विद्यार्थीहरुको स्वास्थ्य र अध्ययनमा पर्नसक्ने प्रभावलाई ध्यानमा राखेर बैंकले स्वीटर प्रदान गरेको हो ।

# माछापुच्छ्रे बैंकका ग्राहकलाई सीजी डिजिटलमा विशेष छुट

माछापुच्छ्रे बैंक लिमिटेडले सीजी डिजिटलका आउटलेटमा विशेष छुट योजना सञ्चालनमा ल्याएको छ । यसअन्तर्गत बैंकका ग्राहकले देशैभर रहेका सीजी डिजिटलबाट इलेक्ट्रोनिक सामग्री खरिद गर्दा २० प्रतिशत सम्म छुट




प्राप्त गर्ने बैंकले जनाएको छ । यो सुविधा बैंकका ग्राहकलाई फागुन १५ सम्म मात्र कायम रहनेछ । बैंकले आफ्ना डेबिट/क्रेडिटकार्ड प्रयोगकर्ताहरुलाई मध्यनजर गर्दै उक्त सुविधा सञ्चालनमा ल्याएको हो । डिजिटल कारोबारलाई बढावा दिन बैंकले देशभर रहेका विभिन्न संघ/संस्था तथा व्यापार व्यवसायसंग व्यवसायिक सम्झौता गरि आफ्ना ग्राहकहरुलाई आकर्षक सुविधा प्रदान गर्दै आएको छ । माछापुच्छ्रे बैंक लि.का क्रेडिटकार्ड प्रयोगकर्ताले शून्य प्रतिशत ईएमआई भुक्तानीबाट पनि सीजी डिजिटलका इलेक्ट्रोनिक सामग्री खरिद गर्न सक्नेछन् ।

# लक्ष्मी बैंकको १४४औं शाखा ललितपुरको हात्तीवनमा

लक्ष्मी बैंकले आफ्नो शाखा संजाल विस्तार गर्ने क्रममा १४४औं शाखा ललितपुर जिल्ला स्थित ललितपुर महानगरपालिकाको वडा न. २८ को हात्तीवनमा संचालनमा ल्याएको छ । यस शाखा मार्फत बैंकले ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंङ्ग सेवाका साथै साना तथा लघु व्यवसायीहरु माझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको जनाएको छ ।




यस नयाँ शाखाको शुरुवात सँगै लक्ष्मी बैंकको शाखा संजाल ५० जिल्लामा १४४ शाखा, १४ एक्सटेन्सन काउन्टर र ५ हस्पिटल सेवा काउन्टर, १७९ एटिएम, २५०० भन्दा बढि रेमिट्यान्स् एजेन्ट तथा ६९ शाखा रहित बैंकिङ्ग एजेन्टहरु पुगेको छ । यो शाखाको साथ लक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, सानाव्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरुको बढ्दो मागलाई पुरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा आक्रामक रुपमा आफनो शाखा सेवा विस्तार गर्दै आएको छ । यो शाखाको विस्तार सँगै बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखा कार्यालय, इन्टरनेट बैंकिङ्ग र मोवाईल फोन मार्फत बैंकिङ्ग सेवाप्रादन गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड तथा ग्राहक अनुभवलाई अझ सशक्त पार्ने नीति अनुरुप महत्वपूर्ण फड्को मार्ने विश्वास लिएको छ ।

# मुक्तिनाथ विकास बैंकका ग्राहकलाई चिरायु नेशनल अस्पतालको छुट

मुक्तिनाथ विकास बैंक लिमिटेडका ग्राहकले काठमाडौंको बसुन्धरामा रहेको चिरायु नेशनल अस्पताल एण्ड मेडिकल संस्थानले दिने सेवाहरुमा १० प्रतिशतसम्म छुट पाउने भएका छन् । मुक्तिनाथ विकास बैंकले आफ्ना भिसा डेबिट कार्डवाहक ग्राहकहरुलाई थप सेवा दिने उद्देश्यका साथ अस्पतालले दिने सेवाहरुमा १० प्रतिशतसम्म छुट प्रदान गर्ने गरी सम्झौता भएको गरेको छ ।

यस सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिसा डेबिट कार्डवाहक ग्राहकहरुले चिरायु नेशनल अस्पतालमा विभिन्न सेवाहरुमा १० प्रतिशतसम्म विशेष छुट पाउन सक्नेछन् । बैंकको यस सहकार्यबाट बैंकका ग्राहकवर्गहरु लाभान्वित हुने र स्वास्थ्य उपचारमा पहुँच पुग्ने विश्वास बैंकले लिएको छ ।




बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटीएम कार्ड प्रयोग गरी नेपालभर रहेको भिसा नेटवर्कमा आवद्ध अन्य जुन सुकै बैंकको एटीएम मेसिनबाट नि:शुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ ।

# इन्भेष्टमेन्ट मेगा बैंकले सुरु गर्यो नेपाल पे ट्याप र नेपाल पे क्युआर सेवा

नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले एनसिएचएल तथा सिटीटेकसँगको सहकार्यमा finPOS बाट नेपाल पे ट्याप " र "नेपाल पे क्युआर" सेवाको थालनी गरेको छ । यस सँगै अब बैंकका ग्राहकहरूले मर्चेन्ट प्वाइन्टहरुको finPOS डिभाइसहरूमा आफ्नो ल्क्ष्ट उपलब्ध रहेको स्मार्टफोन ट्याप गरी भुक्तानी गर्न सक्नेछन् । बैंकका अनुसार अब इन्टरनेट बिना पनि ग्राहकले नेपाल पे ट्याप




मार्फत सजिलै भुक्तानी गर्न सक्नेछन् । त्यसैगरी डायनामिक नेपाल पे क्युआरलाई पनि बैंकले आफ्नो एप्लएइक मा सुचारु गरेको छ । उक्त finPOS मा उपलब्ध क्युआर भुक्तानीको लागि कुनै पनि मोबाइल बैंकिङ, वालेट वा कनेक्ट आईपीएस प्रयोग गर्न सकिन्छ, बैंकले सुरुवात गरेको पीओएस डिभाइसमा क्युआर र NFC मार्फत गरिने भुक्तानी सेवा नेपालमै पहिलो रहेको बैंकले जनाएको छ ।

एनसीएचएलका अनुसार नेपाल पे ट्याप, "NFC" प्रविधिमा आधारित छ जसले दुईवटा डिभाइसहरु बीचको निकटताको आधारमा सुरक्षित भुक्तानी कारोबार गर्दछ । यो P2P र P2M भुक्तानीहरूको लागि contactless भुक्तानीको माध्यम हो । ग्राहकलाई NFC सम्बन्धी भुक्तानीको लागि आफ्नो फोनमा इन्टरनेटको आवश्यकता पर्दैन । यस सँगै अब ग्राहकले पीओएसबाट भुक्तानी गर्दा कार्डको प्रयोग बिना नै आफ्नो फोन finPOS मा ट्याप गरी भुक्तानी गर्न सक्नेछन् । हाल यो सेवा connectiIPS मोबाइल एप मार्फत उपलब्ध रहेको छ । यो सुविधा प्रयोग गर्न भुक्तानीकर्ताको मोबाइलमा NFC enable भएको हुनुपर्दछ । हाल नेपाल पे ट्यापको कारोबार सीमा प्रति कारोबार रु ५,००० सम्म रहेको छ र यसलाई ग्राहक आफैंले पनि निर्धारण गर्न सक्दछन् । सिटीटेकले विभिन्न बैंकका लागि 'all in one machine' को रूपमा finPOS उपलब्ध गराउँदै आएको छ । मर्चेन्टहरुका लागि पनि सुरक्षित र सहज हुनुका साथै एकै उपकरण मार्फत विभिन्न भुक्तानी माध्यमबाट भएका कारोबारहरुको जानकारी सजिलै प्राप्त गर्न सकिन्छ । नेपाल पे ट्याप र नेपाल पे क्युआर सेवा थपिएपछि बैंकले आफ्ना मर्चेन्टहरूलाई भुक्तानी प्राप्त गर्न थप विकल्प प्रदान गरेको छ ।

# नेपाल लाइफ इन्स्योरेन्सको नाफामा २३७.२९ प्रतिशतले बढ्यो

काठमाडौ । नेपालकै सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफले चालु आ.वको दोस्रो त्रैमासमा उल्लेखनिय प्रगति गरेको छ । कम्पनीले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण अनुसार कम्पनीको खुद नाफामा २३७.२९ प्रतिशतले बृद्धि भएको जनाएको छ । गत आर्थिक वर्षको सोही अवधिमा कम्पनीले १३ करोड ४ लाख ९९ हजार रुपैयाँ खुद नाफा आर्जन गरेकोमा चालु आर्थिक वर्षको दोस्रो त्रैमासमा कम्पनीले ४४ करोड १ लाख ६० हजार रुपैयाँ आर्जन गरेको छ । यस अवधिसम्ममा १८ अर्ब ६२ करोड ७४ हजार रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ भने ८ अर्ब ४४ करोड २५ लाख रुपैयाँ खुद दाबी भुक्तानी गरेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । समिक्षा अवधिमा कम्पनीको खुद दाबी भुक्तानी १६ प्रतिशतले बढेको छ । पुस मसान्तसम्म कम्पनीको लगानी २०.४६ प्रतिशत बढेर १ खर्ब ५६ करोड ४५ लाख ३२ हजार रुपैयाँ पुगेको छ । यस अवधिमा कम्पनीको चुक्ता पूँजी १४ प्रतिशत बढेर ८ अर्ब २० करोड ७९ लाख ६६ हजार रुपैयाँ, जीवन बीमा कोष २१ प्रतिशत बढेर १ खर्ब ५० अर्ब ८५ करोड ६४ लाख ८२ हजार रुपैयाँ र महाविपत्ती कोष १६ प्रतिशत बढेर ८३ करोड ३६ लाख ४९ हजार रुपैयाँ पुगेको छ ।

## अर्थ संसार

# नेशनल लाइफको सम्मान कार्यक्रम सम्पन्न

काठमाडौं । नेशनल लाइफ इन्स्योरेन्स कम्पनीले सुदुर पश्चिम प्रदेशको धनगढीमा अभिकर्ता सम्मान तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।



प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीको प्रमुख आथित्यतामा सम्पन्न भएको सो कार्यक्रममा कम्पनीको धनगढी, टिकापुर र अत्तरिया कार्यालयमा आबद्ध करिब ३०० जना अभिकर्ताहरुको सहभागीता रहेको थियो । प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले कम्पनीको विभिन्न शाखा कार्यलयहरुमा आबद्ध भै बीमा ब्यबसाय गर्दै आउनु भएका अभिकर्ता हरुलाइ अझबढी सक्षम र ब्यवसायिक बनाउदै लैजाने नीति अनुरुप कम्पनीले यश प्रकारको कार्यक्रमहरु सम्पन्न गर्दै आइरहेको र सोही क्रममा आज धनगढीमा यो कार्यक्रम आयोजना गरिएको बताउनु भयो । कम्पनीका मार्केटिङ बिभाग प्रमुख बिबेक शर्माले सहभागी अभिकर्ताहरुलाइ बीमा बिक्रय कला सम्बन्धमा प्रशिक्षण दिनु भएको थियो । यसै गरि कार्यक्रममा उत्कृष्ट ब्यबसाय गर्ने अभिकर्ताहरुलाइ प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले खादा, माला र सम्मान पत्रबाट सम्मान गर्नु भएको थियो। कार्यक्रममा सम्मानित हुनु भएका अभिकर्ताहरुले प्रमुख कार्यकारी अधिकृतबाट आफ्नै कर्म थलोमा सम्मानित हुन पाउँदा अत्यन्त खुशी लागेको बताउनु भएको थियो ।

# सिटिजन्स बैंकमा दोहोरिए पोखरेल

सिटिजन्स बैंक इन्टरनेसनलको प्रमुख कार्यकारी अधिकृतमा गणेशराज पोखरेल फेरी नियुक्त भएका छन् । बैंकको बुधबार बसेको सञ्चालक समितिको बैठकले आगामी ४ बर्षका लागि पोखरेललाई नियुक्त गर्ने निर्णय गरेको हो ।

पोखरेलले स्थापनाकाल देखिनै बैंकसंग आवद्ध भई विभिन्नओहदामा रहि नेतृत्वदायी भूमिकानिर्वाह गर्दै आएका थिए । २०६५ देखि दोस्रो वरियतामा र हि कार्यसम्पादनगर्दै आएका पोखरेल हाल प्रमुख कार्यकारी अधिकृतका रुपमा काम गर्दै आएका थिए । अनुभवी बैंकरका रुपमा परिचित पोखरेलले त्रिभुवन विश्व विद्यालयबाट मार्केटिङमा स्नातकोत्तर , कानुनमा स्नातक तथा काठमाडौं विश्वविद्यालयबाट वित्त व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका छन् । बैंकमा



आबद्ध हुनु अगाडी उनी विभिन्न संस्थामा आवद्ध थिए । बैंकको उच्च व्यवस्थापन तथा शाखा प्रबन्धकको बुधबार भएको बैठकमा उनले नीति नियमको अनुपालना आफ्नो प्राथमिकतामा पर्ने र यस अवधिमा बैंकलाई थप उचाईमा पुऱ्याउने गरी काम गर्ने प्रतिवद्वता व्यक्त गरे ।पोखरेलको कार्यकालमा बैंकका ग्राहक संख्या, डिम्याट संख्या, मोबाईल बैकिङ तथा अन्य डिजिटल एवं ट्रानजेक्सन बैकिङ सेवा सुविधा लगायतका अधिकांश सूचक तथा ब्राण्डमा राम्रो उपलब्धी हासिल भएको बैंकले जनाएको छ । उनको पहिलो ४ बर्षेकार्यकालमा निक्षेप औषतमावार्षिक २६.०४ प्रतिशत बढेर १६१.४५ अर्ब पुगेको छ भने कर्जा औषतमावार्षिक २३.६२ प्रतिशत बृद्धि भइ १४२.५४ अर्ब पुगेको छ । यस्तै चुक्ता पूँजी १४.२० अर्ब पुगेको छ ।बैंकको खुद नाफा ४ वर्षमा औषतमावार्षिक १२.९१ ले बढेको छ । बैंकका अनुसार खुद नाफा आव २०७८/७९ मा २ अर्ब पुगेको छ । बैंकले हाल देशभरमा १८२ शाखा कार्यालय, ३ विस्तारित काउण्टर, १३५ एटिएम, ९७ शाखारहित बैंकिङ इकाई र २० माईक्रो फाईनान्स इकाईबाट सेवा दिंदै आएके छ ।

# एनएमबि बैंकले ल्यायो इन्स्टा बाइ सेवा

एनएमबि बैंकले आफ्नो नयाँ क्रेडिट कार्ड किस्ता सुविधा - इन्स्टा बाइ लन्च गरेको छ । यो नयाँ सुविधाले ग्राहकहरूलाई आफ्नो क्रेडिट कार्ड खरिदहरूलाई व्यवस्थित मासिक भुक्तानीहरूमा विभाजन गर्ने सुविधा प्रदान गर्नेछ । यस सुविधाको साथ, ग्राहकहरूले आफ्नो खरिदहरू बराबर मासिक किस्ताहरूमा भुक्तान गर्न छनौट गर्न सक्नेछन त्यो पनि न्युनतम ब्याजदरमा । इन्स्टा बाइ मार्फत, अस्पतालको बिल, होटलको बिल, रेस्टुरेन्टको बिल र यस्तै अन्य सेवाहरूको भुक्तानी पनि इएमआइ मा रूपान्तरण गर्न सकिन्छ । यो सुविधा ठूला खरिदहरूको लागि वा लामो अवधिमा आफ्नो खरिदहरूको लागत फैलाउन चाहने ग्राहकहरूको लागि उत्कृष्ट विकल्प हो । यो सुविधा प्रयोग गर्न, ग्राहकहरूले केवल बैंकको वेबसाइटमा लगइन गरि, प्रडक्ट एण्ड सर्भसिस मा क्लकि गरी वैकल्पकि डेलभिरी च्यानल अन्तर्गत इन्स्टा बाइ चयन गरी आफ्नो खरिदको भुक्तानी गर्न चाहेको कुल महिनाको संख्यासहित विवरणहरू भर्नुपर्ने हुन्छ । यो नयाँ फिचरले ग्राहकहरुलाई आफ्नो क्रेडिट कार्ड अनुभवमा अमूल्य सेवा थप्पिने विश्वास बैंकले लिएको छ । एनएमबि बैंक विगत २६ वर्ष देखी अनवरत रुपमा बैंकिङ्ग सेवा सुविधा प्रदान गर्दै आएको नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत पत्र प्राप्त एक अग्रणी वित्तीय संस्था हो । बैंकले दि फिनान्सियल टाईम्स, लण्डनको 'द ब्यान्कर' पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधी 'बैंक अफ दि इयर एसिया २०२१' उपाधीबाट सम्मानित भएको बैंक हो ।

# गुन्दुक ब्रान्डिङ गर्दै रोङ गाउँपालिका

इलामका ग्रामीण भेगमा उत्पादन भएको सागले बजार नपाउँदा गाईवस्तुलाई खुवाउने गरिन्छ । तर, जिल्लाकै रोङ गाउँपालिकाले भने त्यही खेर जाने साग सदुपयोग गरेर आम्दानीको बाटो बनाएको छ । गाउँपालिकाले गुन्द्रुक ब्रान्डिङको काम थालेको हो ।

किसानले उत्पादन गरेर खेर गइरहेको सागबाट गुन्द्रुक तयार हुन्छ । सोही गुन्द्रुकलाई गाउँपालिकाले ब्रान्डिङ गर्न सुरु गरेको हो । उत्पादन र बजारीकरणमा सरकारले चासो नदिँदा किसानले उत्पादन गरेको कृषि उपज खेर गइरहेको थियो । तर, अब गुन्द्रुकले भाउ पाउने किसानको अपेक्षा छ । अब उत्पादित तरकारी खेर नजाने भन्दै आफूहरुमा हौसला प्राप्त भएको बताउन थालेका छन् उनीहरु रोङ गाउँपालिकाले किसानको जीवनस्तर उकास्ने गरी काम अगाडि बढाएको छ ।

स्थानीय उत्पादनलाई बढावा दिइने र उत्पादित वस्तु बजारसम्म पुऱ्याउनका लागि काम थालिएको गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङ्बोले बताए । गाउँपालिकाले गुन्द्रुक-सिन्कीको प्रवर्द्धन सुरु गरेको छ । पालिकाका अगुवा किसानहरूलाई प्रदेश, पालिका र स्थानीय सहकारीको साझेदारीमा कार्यक्रम सञ्चालन गरेको हो । बजारमा खपत हुने तरकारी यहिँ बिक्रि हुन्छ । बाँकी खपत नभएको साग र मूलालाई व्यवस्थापन गर्दै गुन्द्रुक-सिन्की तयार गरिने गाउँपालिकाको लक्ष्य रहेको छ ।

उत्पादित सिन्की-गुन्द्रुकलाई प्रवर्द्धन गरेर कार्यक्रम अगाडि बढाइएको जनाइएको छ । प्रत्येक किसानले उत्पादन गरेको गुन्द्रुक र सिन्कीलाई आवश्यक लेबलिङ गर्ने गरी कार्यक्रम सुरु गरिएको गाउँपालिकाका अध्यक्ष स्याङ्बोको भनाइ छ । उत्पादित साग बजारमा बिक्री हुने र बाँकी रहेको पालिकाले किसानलाई प्रतिकेजी ८० रुपैयाँ अनुदान सहयोग गर्ने गाउँपालिकाको योजना रहेको छ । गाउँपालिकाले सुरुवाती तीन महिना गुन्द्रुक-सिन्की लेबलिङका लागि फुड टेक्निसियन समेत नियुक्त गरी हाल ब्रान्डिङको प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको छ ।

देवान छाप साना किसान कृषि सहकारीले कार्यक्रम सञ्चालन गर्ने बताइएको छ । यसका लागि गाउँपालिकाले दातृ संस्थाको साथ पाएको छ । ६७ लाख ८५ हजार रुपैयाँको कार्यक्रमका लागि स्विस सरकारले ३४ लाख ४५ हजार रुपैयाँ उपलब्ध गराउने छ । पालिकाले १७ लाख ६० हजार र सहकारीले १५ लाख ८० हजार लगानी गर्नेछन् । देवान छाप साना किसान कृषि सहकारीको साना किसान कृषि प्रशोधन उद्योग मार्फत उत्पादन, ब्रान्डिङ, प्याकेजिङ एवम् मार्केटिङको सबै कार्य गर्ने गाउँपालिका अध्यक्ष स्याङ्बोले बताए ।

उनका अनुसार यस वर्ष कम्तीमा तीन सयदेखि एक हजार किलो उत्पादनका लागि किसानलाई प्रोत्साहन गरिने छ । पहिलो चरणमा ६० जना किसानलाई सहभागी गराइएको छ भने आगामी वर्ष अझ यसलाई बढाएर कार्यक्रम सञ्चालन गरिने छ । प्रदेश नम्बर १ को कृषि मन्त्रालय, गाउँपालिका र स्थानीय सहकारीको आर्थिक सहयोग र स्विस सरकारको प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गरिएको हो । पहिलो चरणको उत्पादनको ड्रायरका लागि स्थानीय व्यवसायी कुमार अर्यालको उद्योगलाई प्रयोग गरिने भएको छ ।

चालू आर्थिक वर्षमा सहकारीको जग्गामा उद्योग स्थापना गर्ने तयारी अघि बढेको अध्यक्ष स्याङ्बोको भनाइ छ । अहिलेसम्म ब्रान्डको नाम तय नभए पनि गुन्द्रुक सिन्कीको प्याकेट डिजाइन र ब्रान्ड नाम 'आदरणीय गुन्द्रुक' र 'आदरणीय सिन्की' राखेर सम्मानसहित बजारमा ल्याइने भएको छ । राष्ट्रिय सम्मान बोकेको वस्तुलाई प्रवर्द्धनका लागि अगाडि आदरणीय थप्ने भन्दै नेपालमा अहिलेसम्म राष्ट्रिय तरकारीको रिसर्च नहुनु दुखद् रहेको किसानहरुको समेत भनाइ छ । यसको रिसर्च रोङ गाउँपालिकाबाटै सुरु हुने अध्यक्ष स्याङ्बोले बताए ।

पालिकाले हरेक वर्ष एक/दुई वटा उत्पादनलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको बताउँदै उनले आयात प्रतिस्थापन गर्दै स्वदेशी उत्पादनलाई बढावा दिइने जानकारी दिए । तरकारीमा आत्मनिर्भर बनाएर निर्यात गर्ने योजनाका साथ काम बढाइएको उनको भनाइ छ । चालू वर्षको नीति तथा कार्यक्रममा गाउँपालिकाले गुन्द्रुक प्रवर्द्धनका लागि ब्रान्डिङ र प्याकेजिङ गर्न ३ लाख, बीउका लागि २ लाख, प्रतिकिलो अनुदानका लागि ३ लाख र गुन्द्रुक उत्पादनमा प्रतिस्पर्धा गरी उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्न २ लाख रुपैयाँ विनियोजन गरेको छ । उत्पादनपश्चात सहकारीमार्फत सहज सञ्चालन गराउन एउटा कार्यविधि तयार हुँदै गरेको छ ।

विशेषणसहित गुन्द्रुकको रणनीतिक व्यापार कार्य योजना बनाइनेछ, अध्यक्ष स्याङ्बोले भने । उत्पादन अगाडिको अनुदानलाई निरुत्साहित गर्दै जनता र स्थानीय सरकारबीच साझेदारीपछि कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गरिने छ । किसानको उत्पादन सहकारीले खरिद गर्ने वातावरणको विकास गर्नुका साथै अनिवार्य कृषि, पशु बिमा लागू गर्ने अध्यक्ष स्याङ्बोको भनाइ छ ।

# गण्डकी प्रदेशस्तरीय भलिबलको उपाधि फलेवास नगरपालिकालाई

पर्वत । सातौँ पर्वत महोत्सवअन्तर्गत गण्डकी प्रदेशका स्थानीय तहस्तरमा आयोजना गरिएको भलिबल प्रतियोगिताको उपाधि पर्वतको फलेवास नगरपालिकाले हात पारेको छ । फाइनल खेलमा पर्वतकै महाशिला गाउँपालिकाविरुद्ध पाँचमध्येका तीन सेटमा जित निकाल्दै फलेवास नगरपालिकाले खेल जितेको हो । सेमिफाइनल खेलमा बागलुङको गलकोट नगरपालिकालाई पाखा लगाउँदै फलेवास फाइनलमा आइपुगेको हो भने महाशिलाले पर्वतकै मोदी गाउँपालिकालाई पराजित गर्दै फाइनल यात्रा तय गरको थियो ।निकै प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो सेटमा फलेवासले २५(१९ को अन्तरमा जित हात पारेको थियो । दोस्रो सेटमा भने महाशिला लयमा फर्किँदै २७(२५ को अन्तरमा फलेवासलाई पराजित गर्न सफल भयो । खेलको तेस्रो सेट पनि महाशिलाकै पक्षमा रह्यो । तेस्रो सेटमा महाशिलाले २७(२५ को अन्तरमा फलेवासलाई पराजित गर्न सफल भयो । चौथो सेटमा भने अघिल्ला दुई सेटको नतिजा उल्टचाउँदै फलेवासले महाशिलालाई पराजित गऱ्यो । फलेवासले २७(२५ को अन्तरमा महाशिलालाई पराजित गर्न सक्यो । दुवै समूहको दुई(दुई सेटको बराबरी कायम रहेको अवस्थामा पाँचौं तथा अन्तिम सेट १५ अङ्क रहेको थियो । जसमा फलेवासले महाशिलालाई १५(१२ को अन्तरमा पराजित गरेको छ । खेलमा एउटा सहभागी हुने समूहले बढीमा दुई जनासम्म राष्टि्रय खेलाडी समावेश गर्न पाउने नियम राखिएको थियो । यो नियमानुसार फलेवास नगरपालिकाले नेपाल पुलिस क्लबका दुई खेलाडी रविनचन्द ठकुरी र सफल विकलाई लिएर खेलेको थियो भने महाशिला गाउँपालिकाले सशस्त्र प्रहरीको एपिएफ क्लबका दुई खेलाडी विजय थापा र टेकराज अवस्थीलाई लिएको थियो । प्रतियोगितामा प्रथम भएको फलेवासले रु दुई लाख नगदसहिद मेडल र प्रमाणपत्र पाएको छ । दोस्रो भएको महाशिलाले रु एक लाख नगदसहित मेडल र प्रमाणपत्र पाएको छ । सान्त्वना स्थानमा आउने दुई समूहलाई नगद रु ३०(३० हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।


## सुनकोशी गाउँपालिका

रामटार, सिन्धुली, बागमती प्रदेश

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**दिपा बोहोरा (दाहाल)** अध्यक्ष
**कपिल कुमार कोईराला** उपाध्यक्ष
**अर्जुन दर्जी** प्रमुख प्रशासकीय अधिकृत

## खाँडादेवी गाउँपालिका

माकादुम, रामेछाप, बागमती प्रदेश

### सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**ज्ञान कुमार श्रेष्ठ** अध्यक्ष
**रमा घिसिङ** उपाध्यक्ष
**नारायण लामिछाने** प्रमुख प्रशासकीय अधिकृत


# पूर्वसेनापति कटुवाल आइसियुमा

काठमाडौं । नेपाली सेनाको पूर्व प्रधानसेनापति रुकमाङ्गद कटवाल सैनिक अस्पतालमा उपचाररत छन् । दुवै मिर्गौला फेल भएर डायलासिस गराउँदै आएका कटवाल छाउनीस्थित सैनिक अस्पतालको आइसियुमा उपचार रत छन् ।

नेपाली सेनाका प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीका अनुसार कटुवालका स्वास्थ्यमा थप समस्या आएपछि आईसीयूमा राखेर उपचार भइरहेको छ । उनका अनुसार मृगौलामा समस्या देखिएपछि साताको दुई दिन डायलासिस गराई रहेका कटुवालको स्वास्थ्यमा थप समस्या देखिएपछि गत मगलबारदेखि आईसीयूमा राखेर उपचार भईरहेको हो । साथै, कटवालको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको प्रवक्ता भण्डारीले जानकारीसमेत दिएका छन् । ०६६ साल वैशाख २० उनलाई प्रधान सेनापतिबाट हटाउने तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रयास असफल भए पछि सोही प्रकरणमा प्रचण्डले प्रधानमन्त्रीबाट राजीनामा दिनु परेको थियो । कटवाल २०६३ भदौ २४ देखि प्रधानसेनापति भएका थिए ।

# खेलकुद

## राष्ट्रिय क्रिकेट टिमको मुख्य प्रशिक्षकमा मोन्टी देसाई नियुक्त

काठमाण्डौ । राष्ट्रिय क्रिकेट टिमको प्रमुख प्रशिक्षकमा मोन्टी देसाई




नियुक्त भएका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) ले देसाईलाई औपचारिकरूपमा मुख्य प्रशिक्षकमा नियुक्त गर्नका लागि राष्ट्रिय खेलकुद परिषद (राखेप) बाट स्वीकृति प्राप्त भएको जानकारी दिएको छ । देसाईले केही दिनदेखि नै नेपाली टिमलाई प्रशिक्षण दिन थालेका थिए । उनी सन् २०१४ देखि नै नेपाली क्रिकेटसँग नजिक रहेका छन् । मुख्य प्रशिक्षकका लागि आवेदन दिएकाहरूमध्ये भारतीय मोन्टी देसाई, नेपालकै पूर्वप्रशिक्षक अस्ट्रेलियाली डेभ ह्वाटमोर, श्रीलङ्काका धम्मिका प्रसाद, बङ्गलादेश क्रिकेट टिमका निवर्तमान प्रमुख प्रशिक्षक दक्षिण अफ्रिकाका रसेल क्रेग डोमिङ्गो र न्युजिल्यान्ड टी-२० टिमका पूर्व प्रमुख प्रशिक्षक ग्लेन पोकनलसँग क्यानले अन्तरवार्ता लिएको थियो । क्यानले अन्तिममा देसाईलाई नै नियुक्त गरेको हो । नेपालले आउँदो फागुन २ गतेदेखि घरेलु मैदानमा विश्व कप क्रिकेट लिग-२ अन्तर्गत स्कटल्यान्ड र नामिबियासँग एकदिवसीय क्रिकेट शृङ्खला खेल्दैछ । यो शृङ्खलालाई देसाईको पहिलो परीक्षाको रूपमा हेरिएको छ ।

## २० वर्षमुनिको महिला साफ च्याम्पियनशिपमा नेपालले भुटानलाई ४ गोलले हरायो

बङ्गलादेशमा भइरहेको २० वर्षमुनिको महिला साफ च्याम्पियनशिप फुटबलमा नेपालले भुटानलाई चार-शून्य गोलले हराएको छ । ढाकामा आइतवार



भएको खेलमा भुटानलाई चार-शून्य गोल अन्तरले हराउँदै नेपालले प्रतियोगितामा पहिलो जित निकालेको हो । नेपालको जितमा अमिषा कार्कीले ह्याट्रिक गरिन् भने कप्तान प्रिती राईले एक गोल गरिन् । नेपाल पहिलो खेलमा बङ्गलादेशसँग तीन-एक गोलले पराजित भएको थियो भने भुटानलाई भारतले १२ गोलले हराएको थियो । प्रतियोगितामा नेपालसहित आयोजक बङ्गलादेश, भारत र भुटानको सहभागिता रहेको छ । राउन्ड रोबिनको आधारमा हुने प्रतियोगिताको शीर्ष दुई टोलीले उपाधिका लागि आउँदो बिहीवार खेल्नेछन् ।

## एन्फाले १७ वर्षमुनिको महिला राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा २८ खेलाडी बोलायो

अखिल नेपाल फुटबल सङ्घ एन्फाले यूईएफए असिस्ट १७ वर्षमुनिको महिला च्याम्पियनसिप २०२३ का लागि बन्द प्रशिक्षणमा २८ जना खेलाडी




बोलाएको छ । बङ्लादेशमा आयोजना हुने प्रतियोगिताका लागि मुख्य प्रशिक्षक भगवती राना मगरले शुक्रवार २८ प्रारम्भिक टोलीको घोषणा गरेकी हुन् । प्रतियोगिता आउँदो मार्च २० देखि ३१ सम्म आयोजना हुनेछ । दक्षिण एसियाली फुटबल महासङ्घ साफले यूईएफए असिस्ट कार्यक्रमअन्तर्गत प्रतियोगिता आयोजना गर्न लागेको हो । बन्द प्रशिक्षणमा बोलाइएका खेलाडीहरुमा यसअघि नोभेम्बरमा बङ्लादेशमा भएको साफ १५ वर्षमुनिको महिला च्याम्पियनसिपको ऐतिहासिक उपाधि जितेको टोलीका गोलकिपर सुजाता तामाङ र फरवार्ड वर्षा ओलीसहित १६ जना खेलाडी परेका छन् । एन्फाले १७ वर्षमुनिको च्याम्पियनसिपका लागि खेलाडी छान्न यही जनवरी २६, २७, ३१ र फेब्रुअरी १ र २ मा एन्फा कम्प्लेक्समा खुल्ला छनोट गरेको थियो ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



## अस्ताए......

नेपालमा सबै मालवस्तुको भाउ बढिहाल्थ्योरु। यसो हुँदा भारु र नेपाली रुपैयाँको विनिमय दर स्थिर तोक्ने काम पनि उहाले नै गर्नु भएको थियो । पाँच वर्षको गभर्नरको कार्यअवधि हुने भए पनि उहाले चार वर्ष आठ महिना मात्रै काम गर्न पाउनु भएको थियो। गभर्नर हुँदै राजा महेन्द्रले बहुदलीय प्रजातन्त्रमा आस्था राख्ने व्यक्ति भन्दै उहालाई पदमुक्त गर्नु भएको थियो। देवशमशेरका नाति भएकाले उहालाई जन्मिँदै कर्णेल उपाधि दिएको थियोरु। श्री ३ को रोलक्रममा उहा पनि हुनुहुन्थ्यो ।

'संस्थापक गभर्नरको निधनबाट अर्थतन्त्रमा ठूलो क्षति: गभर्नर अधिकारी

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकका संस्थापक गभर्नर हिमालयशमशेर राणाको निधनले मुलुकको अर्थतन्त्रमा अपूरणीय क्षति पुगेको बताएका छन्रु। राणानिवास थापाथलीमा पुगी पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्दै गभर्नर अधिकारीले राणाको निधनले नेपालको अर्थतन्त्रमा निकै ठूलो क्षति भएको बताएरु। उनले भने, 'समग्र अर्थतन्त्र र बैंकिङ क्षेत्रमा उहाँको निधनले ठूलो क्षति पुगेको छ, यो क्षेत्रले अभिभावक गुमाएको छ ।'

केन्द्रीय बैंकको सोच, आवश्यकता, स्थापना, दृष्टिकोण ल्याउने व्यक्तित्व राणाले मुलुकको आर्थिक क्षेत्रमा गरेको योगदान चर्चा गरेर नसकिने भन्दै अधिकारीले राणाले अर्थसचिवका साथै नेपालको प्रतिनिधिका रूपमा संयुक्त राष्ट्रसंघमा काम गरेको स्मरण गरे ।

देशको सार्वभौम सम्बन्धी महत्वपूर्ण मुद्दा सम्बोधनका लागि बैंक स्थापना गरी नेपाली एकल मुद्राको सञ्चालन गर्ने अभियानकै रूपमा संस्थापक राणाले ठूलो योगदान गर्नुभएको छरु। ' उहाँको प्रयासमा भारतीय मुद्रासँग नेपाली मुद्राको निर्धारण भएको सटही दर अहिले पनि कायम छ,' गभर्नर अधिकारीले भने, 'त्यसवेला नेपालमा भारतीय मुद्रा व्यापक रूपमा चलनचल्तीमा थियो, भारतीय मुद्रासँग नेपाली मुद्राको सटही दर कायम गर्ने ठूलो चुनौती थियो, सबै जनताको भावनालाई बुझेर तय गरेको उही दर हाल कायम छरु।'

संस्थापक गभर्नरको पार्थिव निधनमा शोकमग्न हुदै थापाथली सवैसाधरण देखि उपल्लो ओहोदाका व्याक्तित्वहरुको भीड देख्न सकिन्थ्यो । हिमालय शम्शेर राणालाई जन आकाश मिडियाले जन आकाश साप्ताहिकको १० औ बार्षिकोत्सवको अवसरमा २०७४ सालमा (संस्थापक गभर्नर सम्मान) पत्रले सम्मानित गरेको थियो । स्वर्गीय संस्थापक गभर्नर हिमालय शम्शेरप्रति चिर शातिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ । जन आकाश मिडिया परिवार

## नेपाल.....

उहाँले अधिकतम सरकारी स्वामित्व रहेको संस्था भएकाले सरकारको सोंच र लक्ष्यलाई समेट्दै मुलुकका सुगमदेखि अति विकट स्थानहरुमा नाफारहीत रुपमा भएपनि दूरसञ्चार र सूचना प्रविधिका सेवाहरु उपलब्ध गराउने जिम्मेवारी नेपाल टेलिकमको रहेको उल्लेख गर्दै विकट स्थानका जनताले तिरेको मूल्यबाट यस संस्थाको, कर्मचारीको र राज्यको आर्थिक आधार खडा भएकाले जनताले तिरेको मूल्यको सही सदुपयोग हुनेगरी सुलभ र गुणस्तरीय सेवा उपलब्ध गराउने दायित्व पूरा गर्न सचेत भएर लाग्न दिइकी थिइन ।

मन्त्री शर्माले न्यूनतम सञ्चालन खर्चमा अधिकतम उत्पादनशीलता हासिल गरी ग्राहकलाई गुणस्तरीय, सस्तो र सुलभ सेवा उपलब्ध गराई कर्मचारीका सेवासुविधाहरुलाई वृद्धि गर्दै लैजाने तथा राज्य र लगानीकर्ता शेयरधनीहरुलाई अधिकतम प्रतिफल दिनु कम्पनीको दायित्व रहेको पनि सो कार्यक्रममा बताइन । कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष डा. बैकुण्ठ अर्यालले सेवा बिक्री गर्ने संस्थाको लागि ग्राहक सन्तुष्टी सर्वोपरी हुनुपर्ने बताउन भनाई राखेका थिए । 'कम्पनीले सेवाहरु देशभर विस्तार गरेर मात्र पुग्दैन, वितरित सेवाहरु गुणस्तरीय, भरपर्दो र निरन्तर उपलब्ध गराउनु पर्छ' उहाँले सो अवसरमा उल्लेख गरेका थिए । सेवाहरु निरन्तर उपलब्ध गराउन सकिएमा कम्पनीको राजश्वमा थप बढोत्तरी हुने अर्यालले बताए । ग्राहकका गुनासा तत्काल सम्बोधन हुनुपर्ने र यसको लागि संयन्त्र नै तयार गरी कम्पनी लाग्नुपर्ने पनि उल्लेख गरेका छन् ।

सो कार्यक्रमका विशेष अतिथि नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले शुभकामना मन्तव्यकै क्रममा डिजिटल नेपाल निर्माणको आवधारणा कार्यान्वयनको लागि सूचना महामार्ग निर्माण गर्ने जिम्मेवारी समेत बोकेको नेपाल टेलिकमले यसतर्फ अझ गम्भीरतापूर्वक लाग्नुपर्ने बताउनु बताएका थिए ।उनले नेपाल टेलिकम पूर्वाधारमा अत्यन्त धनी भएको उल्लेख गर्दै राजश्व बढाउनका लागि यसको सदुपयोग हुनुपर्ने सुझाव पनि राखे ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले कम्पनीको समग्र अवस्थाका बारेमा जानकारी गराउँदै कम्पनीले नयाँ प्रविधिका रुपमा भ-क्ष को देशव्यापी वितरण गरिरहेको तथा ख्यᴅक्ष सेवा व्यावसायिक रुपमा सञ्चालनमा ल्याउने तयारीस्वरुप परीक्षण कार्य अन्तिम चरणमा रहेको बताएका थिए । उनले प्राविधिक र भौगोलिक कारणले सेवाको पहुँचमा आउन नसेकेका देशका कतिपय भूभागमा सेवाको पहुँच पुऱ्याउन, भ्यालु एडेड सेवाहरुको विस्तार र नयाँ भ्यालु एडेड सेवाहरुको शुरुवात पनि कम्पनीको प्राथमिकतामा रहेको उल्लेख गरेका थिए । नयाँ सेवाका रुपमा फाइभजीको परीक्षण जारी रहेको जानकारी पनि उक्त अवसरमा दिन भ्याएका थिए ।

कम्पनीको १९ औं वार्षिकोत्सवको अवसरमा ल्त ब्ललष्खभचकबचथ झाभच उपलब्ध गराइएको छ । यस अन्तर्गत रु. २९४ मा १० दिनका लागि २० जीबी डाटा, रु.९८ मा ३ दिनका लागि ६ जीबी डाटा र रु.४९ मा १ दिनका लागि १ एमबिपिएस अनलिमिटेड डाटा र अन नेट १०० मिनेट कल सुविधा उपलब्ध गराइएको छ । यसैगरी रु. २०० देखि रु. ४९९ को रिचार्ज गर्दा २ जिबी बोनस डाटा, दैनिक १ जिबी प्रयोग गर्न सकिने तथा रु ५०० वा सो भन्दा माथिको रिचार्जमा दैनिक २ जिबीका दरले ४ दिनसम्म प्रयोग गर्न सकिने अफर उपलब्ध गराइएको छ । यी अफरहरु आगामी माघ २९ गतेसम्म उपलब्ध हुनेछ । नयाँ एफटीटीएच जडान गर्ने ग्राहकका लागि रु. १२ हजारमा २० एमबीपीएस डाटा, १ लाइन टेलिफोन र १ वटा एनटीटीभी सहितको प्याकेज उपलब्ध गराइनेछ । यो सेवा फाल्गुन २९ गते सम्मका लागि उपलब्ध गराइएको छ ।

वार्षिकोत्सवकै अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व -ऋक्च) अन्तर्गत सरकारी र सामुदायिक विद्यालय, धार्मिक, पुरातात्विक, पर्यटकीय स्थल, वसपार्क, एयरपोर्ट, अस्पताल लगायतका महत्वपूर्ण सार्वजनिक स्थलहरु, वृद्धाश्रम र बाल आश्रमहरु, आमा समूहहरु, दैवी प्रकोपबाट प्रभावित सर्वसाधारणहरुलाई कम्पनीका तर्फबाट सहयोग गर्ने कार्यक्रमहरु रहेका पनि उहाँले बताउनु भयो ।

यसैगरी कम्पनीका सबैभन्दा बढी रिचार्ज कार्ड बिक्री गर्ने सातै प्रदेशका बिक्रेताहरु र एमपोस बिक्रेता, कम्पनीका विभिन्न सेवाको सबैभन्दा बढी राजश्व बुझाउने सेवाग्राहीहरुलाई सम्मान र पदक, वरिष्ठ मूर्तिकार श्री ठाकुरप्रसाद मैनालीज्यूलाई सम्मान-पत्र र कम्पनीका विभिन्न सेवाहरु निशुल्क उपलब्ध गराउनुका साथै कम्पनीमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

साथै, आज कम्पनीको १९ औं वार्षिकोत्सवको अवसर पारेर कम्पनीद्वारा फाइभजीको परीक्षण त्भकतष्लन को शुरुवात समेत गरिएको छ । विभिन्न मोबाइल सेट निर्माता कम्पनीहरुसँग उक्त कम्पनीहरुको सेटमा फाइभजी परीक्षण गर्नको लागि समन्वय भइरहेको छ ।

# डोटीमा सडक भत्काएर ठेकेदार बेपत्ता

डोटी । डोटीको शिखर नगरपालिका(१० बानेडुग्रीसैन क्षेत्रको सडक चौडा पार्ने ठेक्का लिएको निर्माण कम्पनी सडक भत्काएर बेपत्ता भएको छ । केआइ सिंह राजमार्गअन्तर्गत पर्ने शिखर नगरपालिकाको बानेडुग्रीसैन क्षेत्रको सडकका खाल्डाखुल्डी भर्ने, सडकमाथि एक लेयर थप गर्ने र बजार क्षेत्रमा सडक चौडा गर्ने काम गर्न सडक डिभिजन कार्यालय कुलपाते दीपायल र आशीष कन्सट्रक्सन कम्पनी कैलालीबीच विसं २०७८ कात्तिक २६ मा ठेक्का सम्झौता भएको थियो ।

सम्झौता अनुसार बानेडुग्रीसैन बजार क्षेत्रमा सडकको दायाँ बायाँ भत्काएर डाउन गरी लामो समयदेखि निर्माण कम्पनी सम्पर्कविहीन बनेको हो । नगरपालिका(१० बानेडुग्रीसैनका स्थानीय नरेन्द्र विष्टले सडक बनाउने भन्दै भत्काएर जाँदा समस्या उत्पन्न हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "सडक चौडा गर्ने नाममा भएको सडक पनि भत्काएर झन् साँघुरो बनाइएको छ, कि त यो सडक भत्काउनु नहुने थियो र भत्काइसकेपछि बनाउनुपर्ने थियो ।"

अर्का स्थानीय रमेश बलायरले पनि सडक भत्काएर दुर्घटनाको जोखिम बढाएको बताउनुभयो । "यो सडक भत्काएको एक वर्ष पूरा भयो, चौडा बनाउने भनेका थिए । तर भत्काएपछि यहाँबाट गएका उनीहरू फर्केर आएनन्, सडकको दुवैतिर भएको कालोपत्रसमेत भत्काएर गहिरो बनाइएको छ", उहाँले भन्नुभयो ।

निर्माण कम्पनीका ठेकेदार सम्पर्कमा नरहेको सडक डिभिजन कार्यालय कुलपाते दीपायलका सूचना अधिकारी इञ्जिनियर रामचन्द्र जैशीले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "हामीले ठेकेदारलाई पटक(पटक फोन गर्दा पनि सम्पर्कमा आउँदैनन्, कहिलेकाहीँ फोन उठाइहाले पनि तुरुन्तै काम सुरु गर्छु भन्छन् तर आउँदैनन् ।" मध्यपहाडी लोकमार्ग आवधिक मर्मत अन्तर्गत रू चार करोड ६२ लाख ७४ हजारमा ठेक्का सम्झौता भएको सडकमा जम्मा २० प्रतिशतमात्रै भौतिक प्रगति भएको इञ्जिनियर जैशीले बताउनुभयो । हालसम्म १३ प्रतिशत वित्तीय प्रगति भएको उहाँको भनाइ छ । सडक निर्माणको जिम्मा अर्को व्यक्तिलाई दिएकाले ढिलाइ भएको निर्माण कम्पनी आशीष कन्स्टूक्सन प्रालिका सञ्चालक टेकबहादुर सेठीको भनाइ छ । "मैले अर्को व्यक्तिलाई जिम्मा दिएको थिएँ, उहाँको घरमा समस्या परेकाले काम हुन सकेन", उहाँले भन्नुभयो । उहाँ आफूले आशबहादुर गुरुङलाई सम्पूर्ण कामको जिम्मा लगाएको बताउनुभयो । "कम्पनीको सम्पर्क व्यक्तिका साथै ठेक्का सम्झौतालगायतको जिम्मा उहाँकै हो", सेठीले भन्नुभयो, "काम नभएको भन्ने गुनासो आएपछि मैले पनि ताकेता गरेको छु, अब एक साताभित्रै काम सुरु हुन्छ ।" निमार्णको काम विसं २०७९ वैशाख ३० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने थियो । पहिलोपटक ठेक्का सम्झौताको म्याद सकिएको भोलिपल्ट अर्थात् २०७९ वैशाख ३१ गते निर्माण कम्पनी सडक डिभिजनमा म्याद थपका लागि अनुरोध गरेको थियो । सडक डिभिजनले २०८० जेठ मसान्तसम्मका लागि पुनः म्याद थप गरेको छ । म्याद थप भएको नौ महिना बित्दासमेत काम सुरु भएको छैन ।

# प्राधिकरणले विमानस्थलको उडान सीमा घटायो

काठमाडौं । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले हवाई सेवालाई थप सुरक्षित र भरपर्दो बनाउन उडान सुरक्षा सुधारका लागि छ बुँदे निर्णय गरेको छ । उडान सुरक्षालाई नियमित रूपमा अद्यावधिक गर्दै थप सुदुढीकरण गरी हवाई यातायात सेवालाई अझै सुरक्षित, भरपर्दो, मर्यादित तथा अनुशासित बनाउने उद्देश्यले नयाँ नियम लागू गर्ने निर्णय गरिएको क्यानका प्रवक्ता जगन्नाथ निरौलाले बताउनुभयो । उहाँले हवाई सेवा प्रदायक निकायको सेवा सञ्चालनप्रतिको व्यावसायिक जिम्मेवारी तथा जवाफदेहितालाई अभिवृद्धि गर्न पनि प्राधिकरणले पहल गरेको उल्लेख गर्नुभयो । उहाँले हवाई सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउने लक्ष्यका साथ प्राधिकरणले गरेको छ बुँदे निर्णयलाई कडाइका साथ लागू गरिने दाबी गर्नुभयो । क्यानले गरेको नयाँ व्यवस्थामा विमान चालक (पाइलट) को ड्युटी समय एक घण्टा कम गरिएको छ । त्यस्तै पाइलटले अहिले दैनिक उडान (टेकअफ) र अवतरण (ल्यासण्डङ) दुवै गरी दस पटकसम्म गर्न पाउने व्यवस्था रहेकामा अब त्यलाई पनि घटाएर आठ पटक मात्र बनाइएको छ ।


# गोकुलगङ्गा गाउँपालिका

**रस्नालु, रामेछाप, बागमती प्रदेश**

## सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र निःशुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्वारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

**काजी बहादुर खड्का**
अध्यक्ष

**उषा देवी कार्की**
उपाध्यक्ष

**होम बहादुर थापा**
प्रमुख प्रशासकीय अधिकृत


# अन्तराष्ट्रिय समाचार

## पाकिस्तानका पूर्वराष्टूपति मुसर्रफको निधन

पाकिस्तानका पूर्वराष्टूपति परवेज मुसर्रफको निधन भएको छ । उनको उपचारका क्रममा दुबईमा निधन भएको हो । ७९ वर्षका उनी कमैलाई मात्र लाग्ने एमलोइडोसिस् रोगबाट पीडित थिए । र उनी ३ हप्तादेखि अस्पतालमा भर्ना भिए । पूर्व सेनाप्रमुखसमेत रहेका उनको निधनमा सेनाको मिडिया विङ्सले समवेदना सन्देश निकालेर भनेको छ, 'अल्लाहले दिवंगत आत्मालाई शान्ति र शोक सन्तप्त परिवारलाई शक्ति दिउन् ।' १८ वर्षको उमेरमा सन् १९६१ मा सैनिक एकेडेमीमा भर्ना भएका उनी सेनाको प्रमुख बनेका थिए । सन् १९९९ मा सैनिक कुमार्फत उनले सत्ता हात पारेका थिए । मुसर्रफले सैनिक कु गर्नुअघि नवाज सरिफ प्रधानमन्त्री थिए र मुसर्रफलाई सरिफले नै सेना प्रमुख नियुक्त गरेका थिए । सैनिक कुबाट पाकिस्तानको कार्यकारी अधिकार हातमा लिएका मुसर्रफ सन् २००१ देखि २००८ सम्म पाकिस्तानको राष्टूपति बनेका थिए । सन् २००८ को चुनावमा मुसर्रफको दलले चुनाव हारेपछि उनी दुबई र लण्डनमा निर्वासनमा गएका थिए र सन् २०१३ मा पाकिस्तान फर्केका थिए । स्वदेश फर्केपछि उनीमाथि विभिन्न मुद्दा लागेको थियो । जसमध्येको एउटा मुद्दा सन् २००७ मा संकटकाल घोषणा गरेर संविधान निलम्बन गरेकोमा लागेको राजद्रोहको पनि थियो । जसमा उनीमाथि सन् २०१९ मा मृत्युदण्डको सजाय सुनाइएको थियो ।

## अमेरिकाले लडाकु विमान प्रयोग गरी चिनियाँ बेलुन खसाल्यो

अमेरिकाले आफ्नो देशको महत्त्वपूर्ण सैनिक क्षेत्रहरूको जासुसी गरेको आरोप लगाएको एउटा ठूलो चिनियाँ बेलुनलाई खसालेको छ । अमेरिकी रक्षा मन्त्रालयले लडाकु विमान प्रयोग गरी समुद्री क्षेत्रमा बेलुन खसालेको जनाएको छ । राष्टूपति जो बाइडेनले बेलुन खसाल्न अनुमति दिनुभएको थियो । साउथ क्यारोलिनाको तटीय क्षेत्र पार गरेको चिनियाँ बेलुनलाई गोली हानेर खसाल्ने पाइलटहरूलाई राष्टूपति बाइडेनले बधाई दिनुभएको छ । यसअघि चीनले मौसम अवलोकनका लागि छाडिएको बेलुन बाटो बिराएर पुगेको जनाएको थियो । अमेरिकाले बेलुन खसालेकोमा चीनले असन्तुष्टि जनाएको बीबीसीले जनाएको छ । अमेरिकी हवाई क्षेत्रमा बेलुन देखिएपछि अस्ति शुक्रवार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्कनले चीनको भ्रमण स्थगित गर्नुभएको थियो ।

## नयाँ नोटमा बेलायती राजाको तस्बिर नछाप्ने

अस्ट्रेलियाले आफ्नो नयाँ नोटमा बेलायती राजाको तस्बिर नछाप्ने घोषणा गरेको छ । अस्ट्रेलियाको केन्द्रीय बैंकले बेलायतकी महारानी एलिजावेथ द्वितीयको तस्बिर अङ्कित अस्ट्रेलियाको पाँच डलरको नोटमा अब देशको इतिहास र आदिवासी संस्कृतिको सम्मान गर्ने चित्र छापिने जनाएको छ । केन्द्रीय बैंकको यो निर्णयसँगै अघिल्लो वर्ष राजसिंहासन सम्हाल्नुभएका बेलायतका राजा चार्ल्स तृतीयको फोटो नोटमा छापिने छैन । नोटबाट राजाहरूको फोटो हटाउने निर्णयको अर्थ अस्ट्रेलियाको कुनै पनि कागजी मुद्रामा राजसंस्था प्रमुख रहने छैनन् । नयाँ नोट छापिन भने केही वर्ष लाग्नेछ । यसअघि गएको सेप्टेम्बर ८ मा महारानी एलिजाबेथको निधन भएपछि राष्टूाध्यक्षको सम्मानमा अस्ट्रेलियाले राष्टिूय शोकको घोषणा गरेकामा केही आदिवासी समूहले त्यसको विरोध गरेका थिए । विरोधका क्रममा उनीहरूले राजतन्त्रको उन्मूलनका निम्ति आह्वान गरेका थिए ।

## ठूलो आक्रमण गर्ने योजना बनाएको युक्रेनको दाबी

रुसले फेब्रुअरी २४ मा ठूलो आक्रमण गर्ने योजना बनाएको युक्रेनले दाबी गरेको छ । युक्रेनका रक्षामन्त्रीले रुसले पुनः ठूलो आक्रमणको तयारी गरिरहेको र त्यो फेब्रुअरी २४ मा सुरु हुनसक्ने चेतावनी दिएका छन् । अलेक्सी रेज्निकोफले मस्कोले हजारौं सेनालाई तयारी अवस्थामा राखेको र गएको वर्ष आक्रमण सुरु गरेको वार्षिकोत्सव मनाउन केही प्रयास गर्न सक्ने बताउनुभएको छ । युक्रेनको पूर्वी डोनबास क्षेत्रमा युद्ध केन्द्रित रहे पनि दक्षिणी सहर खेअरसनलाई युक्रेनले पुनः आफ्नो पकडमा लिएपछि पछिल्ला महिना युद्धको गति केही सुस्त बनेको छ । अमेरिकाको युद्ध अध्ययन संस्था आईएसडब्ल्यूले हालै मात्रै मस्कोले निर्णायक कदम चाल्न र पूर्वमा ठूलो आक्रमण गर्न सक्ने बताएको थियो । रेज्निकोफले प्रत्याक्रमणको लागि तयारी गर्ने समेत बताउनुभएको छ । युक्रेनी गुप्तचरहरूले रुसी राष्टूपति भ्लादिमिर पुटिनले आफ्ना सेनालाई आउँदो वसन्तयामको अन्त्यअघि डोनबास कब्जा गर्न निर्देशन दिएको दाबी गरेसँगै रेज्निकोफले पछिल्लो टिप्पणी गर्नुभएको हो ।

## म्यानमारमा संकटकाल थप ६ महिना लम्बियो

म्यानमारको सैन्य सरकारले सङ्कटकालीन अवस्थालाई थप ६ महिना बढाएको छ । देशको सङ्कटकालीन अवस्थालाई थप ६ महिना लम्ब्याउन राष्टिूय रक्षा तथा सुरक्षा परिषद्ले सहमति जनाएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ । सन् २०२१ को फेब्रुअरीमा आङ सान सुकीको सरकार अपदस्थ भएपछि म्यानमारमा सङ्कटकाल लागू भएको थियो । सैन्य सरकार अर्थात् जुन्ताका प्रमुख मिन आङ ह्लाइङले आपत्काललाई लम्ब्याउन गरेको आग्रहलाई स्वीकार गरिएको खबरमा उल्लेख छ । म्यानमारमा सैन्य 'कू' पछि जुन्ता सरकारविरूद्ध देशभर भएका प्रदर्शनमा झण्डै दुई हजार सात सयले ज्यान गुमाएका छन् भने सयौंलाई पक्राउ गरी थुनामा राखिएको छ ।


## टर्कीमा शक्तिशाली भूकम्प : ५ सय जनाको मृत्यु

टर्कीमा गएको शक्तिशाली भूकम्पका कारण ज्यान गुमाउनेको सङ्ख्या पाँच सय जना नाघेको छ । सोमवार बिहान टर्कीको दक्षिणी क्षेत्रमा गएको ७ दशमलव ८ रेक्टर स्केलको भूकम्पका कारण टर्की र सिरियामा ज्यान गुमाउनेको सङ्ख्या पाँच सय जना नाघेको बीबीसीले जनाएको छ । अहिलेसम्म टर्कीमा दुई सय ८४ र सिरियामा दुई सय ३७ जना गरी पाँच सय ११ जनाको ज्यान गएको पुष्टि भएको अमेरिकी सञ्चारमाध्यम सीएनएनले जनाएको छ । भूकम्पले भवनलगायतका संरचना भत्किँदा टर्कीमा मात्रै दुई हजार तीन सय जनाभन्दा बढी घाइते भएका छन् ।

भूकम्पले भत्किएका भवनमा खोजी र उद्धार कार्य चलिरहेकोले ज्यान गुमाउने र घाइतेको सङ्ख्या बढ्न सक्ने टर्कीका उपराष्ट्रपति फौट अक्टेलाई उद्धृत गर्दै खबरमा उल्लेख छ । सिरियाली अधिकारीहरूले पनि घाइतेको सङ्ख्या बढिरहेको र अस्पतालहरूमा चाप बढेकोले उपचारमै कठिनाइ आएको बताएका अल जजिराले जनाएको छ । भूकम्पबाट लाखौं मानिस प्रभावित भएका छन् ।

# सहिदको सम्झनामा रासुमनेको ३५औं कार्यक्रम सम्पन्न

काठमाडौं । वेद विज्ञ तिलकप्रसाद लुइँटेल र कवि कलानिधि दाहालको विशिष्ट आथित्य र गंगा लिगल विशेष अथिती रहेको राष्ट्रिय सुसेली मञ्च नेपालको ३५ औ कार्यक्रम स्रष्टा साँझ अमेरिकाको सहकार्यमा सहिदको सम्झना गर्दै सम्पन्न भएको छ । मञ्चकि उपाध्यक्ष सुशीला ढकाल अधिकारीले स्वागत मन्तव्यबाट सुरु गरि सन्चालन गर्नु भएको थियो ।




फेसबुकमा समेत प्रत्यक्ष प्रसारण गरिएको उक्त कार्यक्रम १२ जना उत्कृष्ट कवि साहित्यकारहरूको उपस्थितिमा संचालन भएको थियो । कार्यक्रमका विशिष्ट अतिथि कलानिधी दाहालले सोही दिन उपस्थित सबै कवि साहित्यकारहरूले सुसेली प्रति समर्पित रहेर अनुप्रास मिलाएर सहिदको सम्झनामा सुसेली लेख्नु र गाउनु भएकोमा अत्यन्तै खुसी लागेको बताउनु हुँदै आफूले रचना गरेका १० वटा सहिदहरू सम्बन्धि सुसेली गाएर सुनाउनु भयको थियो ।

अर्का विशिष्ट अतिथि वेद ज्ञाता तिलकप्रसाद लुइँटेलले सबै कविहरूका सुसेलीमा समिक्षात्मक टिप्पणी राख्दै सहिद शब्द नै सस्तो हुँदै गएकोमा चिन्ता व्यक्त गर्नु भयो र सहिदमा समर्पित सुसेलीहरू वाचन गर्दै सच्चा सहिदहरू प्रति श्रद्धाञ्जली दिनुभयको थियो ।

यसैगरी विशेष अतिथि गंगा लिगलले सुसेली मञ्चलाई शुभकामना दिँदै सहिदको सम्झनामा आफूले रचना गरेका १० सुसेलीहरू वाचन गर्नु भयको थियो ।

अन्य सहिदमा समर्पित सुसेली गायन/वाचनमा सहभागी अतिथि कवि सुसेलीकार हरूमा पवन कुमार बुढाथोकी, उर्मिला पन्त पान्डेय, चन्द्रा न्यौपाने, द्वारिका कुइकेल, पुनम घिमिरे, घनश्याम पौडेल, वासुदेव ठकुरीले सुसेली गाएर सुनाउनुभयको थियो ।

अन्तमा सभापति दुर्गा अधिकारी भ्रमरकोटेले सुसेलीको ३५ सौं कार्यक्रममा उपस्थित सहभागी र सहयोगी सबै कवि साहित्यकारहरूमा धन्यवाद ज्ञापन गर्दै

सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूमा श्रद्धाञ्जली अर्पण गर्नुभयो र अर्को महिना नारी दिवस विशेष सुसेली कार्यक्रम भौतिक उपस्थितिमा गर्ने प्रयास भइरहेको जानकारी दिँदै कार्यक्रम को सहकार्यको लागि स्रष्टा साँझ अमेरिका र संयोजक पवनकुमार बुढाथोकीलाई धन्यवाद दिएर कार्यक्रमको समापन गर्नुभयको थियो ।

# कलम रमाएको छ



## ऋषभदेव घिमिरे

बुरुक्क बुरुक्क उफ्रदै रमाएको छ कलम
थुप्रै मनोविनोदका कुरा संझेर
पुलकित भएको छ
मायाले ओतप्रोत देखिएको छ
आवश्यकता भन्दा प्रफुल्लित छ
मेरै औंलाहरू समाएर
कोरा कागजमा इन्द्रेणी पैया लगाए झै दौडदै छ
मलाई फकाएर कलम
पुर्याउन खोज्दै छ कविताको गाउँ

कलमको निबले
प्रेमिल स्पर्श गर्दैछ मस्तिष्कमा
बिर्को हात फैलाएर अङ्कमाल गर्न खोज्दै छ
छातीमा चपक्क टासिंएर न्यानो दिदै छ
कलम पग्लिएर पगाल्दै छ मेरो भावना

कलम वासन्ती बतास बोकेर
लेख्न खोज्दै छ स्वतन्त्रताको गीत
कलम माटो खनेर
फलाउँदै छ विचारको बाली
भूइंकुहिरो च्यातेर
कलम घाम बनेर उदाउँदै छ
साच्चै आज कलम रमाएको छ

सप्तक स्वर लहरी भरेर
बाँसुरी बजाउँदै छ कलम
मनभित्र दन्केको आगोको लप्काहरू निभाउन
नदीको प्रवाह जस्तै बग्दै छ कलम
खुसिको नौरङ्गी मसी भरेर
षोडशी तालमा नाच्दै छ कलम
चौपट्टै रमाएररहर्ष विभोर भएर
कलम तिम्रो नाममा लेख्दै छ
एउटा विशिष्ट प्रेम पत्र ।

ललितपुर, गोदावरी

# लीलाध्वज साहित्य प्रतिष्ठानद्वारा साहित्यकार प्रा. डा. लक्ष्मणप्रसाद गौतम सम्मानित

काठमाण्डौ । यसश्वी कवि तथा उपन्यासकार लीलाध्वज थापा साहित्य प्रतिष्ठानको आयोजनामा भव्य कार्यक्रमको आयोजना गरी मासिक रचनावाचन तथा स्रष्टा सम्मान कार्यक्रम सम्पन्न गरिएको छ । नेपाली साहित्यको क्षेत्रमा अनवरत रुपमा



तल्लीन रही नेपाली साहित्यमा विशिष्ट योगदान दिएका साहित्यकार प्राडा. लक्षमण प्रसाद गौतमलाई प्रतिष्ठानका अध्यक्ष विजयध्वज थापाद्वारा लीलाध्वज स्रष्टा सम्मानले सम्मानितरु गरिएको हो ।

उक्त कार्यक्रममा रामप्रसाद पन्तलेले कार्यक्रमका अतिथिहरूलाई स्वागत गर्दै सम्मानित भएका साहित्यकार प्राडा. लक्षमण प्रसाद गौतमको विषयमा संक्षिप्त प्रकाश पार्नुका साथै साहित्य कलाको माध्यमबाट जीवनमा विशिष्ट सन्तुष्टि प्राप्त हुने विचार व्यक्त गर्दै उपस्थित सबैलाई न्यानो स्वागतका साथ संस्थागत गतिविधि र कार्यक्रमबारे प्रकाश पारेका छन् ।

सम्मानित स्रष्टा गौतमले लीलाध्वज थापाले नेपाली साहित्यका क्षेत्रमा उपन्यास, नाटक, हांस्यव्यङ्ग्य, कविता आदि लेख्नुका साथै उनको उपन्यास संख्यात्मकभन्दा गुणात्मक भएकाले नै आम पाठकहरूमा चर्चित हुनुका साथै समाजमा ब्याप्त विकृति विसंगतिलाई नङ्ग्याउन सफल रहेकाले नेपाली साहित्यमा विशिष्ट पहिचान बनाउन सफल भएको बताए । प्रतिष्ठानले हरेक महिना साहित्यिक कार्यक्रम गर्ने गरेको सुन्दा अत्यन्त खुशी लागेको गौतमले बताए । 'सम्मान पुरस्कार भनेको ठूलो सानो हुँदैन, श्रद्धाले गरेको सबै ठूलो हुन्छ' उनले भने ।

लीलाध्वज थापाका उपन्यासका कथावस्तु महिला हिंसाविरुद्ध उभिनुका साथै विकृत समाजका कार्यहरूमा प्रहार गरिएको मन उपन्यासले २०१४ सालमा नै प्रथम पटक मदन पुरस्कार प्राप्त गरेको थियो । त्यस्ता साहित्यकारको नामबाट स्थापना भएको प्रतिष्ठानबाट सम्मानित हुन पाउँदा आफूलाई गर्व लागेको बताउँदै अध्यक्ष विजयध्वज थापा लगायत प्रतिष्ठानप्रति आभार व्यक्त गरेका छन् ।

प्रतिष्ठानका अध्यक्ष विजयध्वज थापाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा अध्यक्ष थापाले सम्मानित स्रष्टाको नेपाली भाषा, साहित्यका क्षेत्रमा लामो समयदेखि उल्लेखनीय योगदान रहेको बताएका छन् ।

अध्यक्ष थापाले अग्रज स्रष्टाको सम्मान गर्ने अवसर पाउँदा आफू र संस्थासमेत सम्मानित भएको धारणा व्यक्त गर्दै हालसम्म ७३ अग्रज तथा विशिष्ट स्रष्टालाई स्रष्टा सम्मानले सम्मानित भएको जानकारी दिए ।




कार्यक्रममा मुकुन्द न्यौपाने, रत्न विरही घिमिरे, विजयध्वज थापा, राजेन्द्र खनाल, रुद्र अधिकारी, उत्तम विचार, सुन्दर बहादुर खडका, लव खडका, कृष्णदेव रिमाल, वासुदेव गुरागाईं, जयराम विडारी, रूची सत्याल, शान्ता पोखेल, दुर्गा अधिकारी भमरकोटे, तिलक लुइटेल, उषा केसी, प्रा. नारायणप्रसाद कट्टेल, शान्ति शर्मा, रविन्द्र आशिष शैली, वासुदेव ठकुरी, राजेशमान केसी, नारायण नेपाल, प्रमोद भण्डारी राजबाबु श्रेष्ठ सागर,टिएन भट्ट विश्वामित्र, तोया गौतमले आआफ्ना रचना वाचन गरेका थिए ।

सो कार्यक्रम स्रष्टा उत्तम विचारले सहजकर्ताको भूमिका आकर्षक ढङ्गले निर्वाह गरेका थिए । वाचन गरिएका रचनाकारलाई कदरपत्रले सम्मान गरिएको थियो ।

आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकारप्रति सजग र सचेत हुनु असल नागरिकको कर्तव्य हो ।





गोकुलगंगा गाउँपालिकामा दुईदिने शैक्षिक तालिममा सहभागी शिक्षक, जनप्रतिनिधि र व्यवस्थापकहरु र पालिका अध्यक्ष काजी बहादुर खड्का (दिनेश) समेत सहभागी ।



खाँडादेवी गाउँपालिकामा २२ गते पालिका अन्तर मा.वि. स्तरीय पाचौ राष्ट्रपति रनिङ शीलको उद्घाटन समारोहमा पालिका अध्यक्ष ज्ञान कुमार श्रेष्ठद्वारा शील सार्वजानिक गर्दै ।

# महिन्द्रा एक्सयूभी ४०० छिट्टै नेपाल आउने

काठमाडौं । नेपाली बजारमा महिन्द्राको नयाँ इलेक्ट्रिक एसयूभी 'एक्सयूभी ४००' छिट्टै नै आउने भएको छ । नेपालका लागि महिन्द्राका इलेक्ट्रिक गाडीको आधिकारिक वितरक अग्नि ग्रुप अन्तर्गतको अग्नि इनर्जी स्रोतका अनुसार महिन्द्राको नेपालमा उपलब्ध हुने पहिलो इलेक्ट्रिक गाडी एक्सयूभी ४०० हुनेछ । महिन्द्राको इलेक्ट्रिक एसयूभी एक्सयूभी ४०० ले अहिले भारतीय बजारमा निकै राम्रो प्रतिक्रिया पाइरहेको छ । महिन्द्राले यो इलेक्ट्रिक एसयूभीको बुकिङ खुला गरेको ५ दिनमै १० हजार युनिट बुकिङ भएको थियो । हाल यसको माग लगातार रुपमा बढिरहेको छ । यस अनुसार भारतीय बजारमा यो गाडी हात पार्न लामै समय कुर्नु पर्ने देखिएको छ । यसका आधारमा नेपाली बजारमा पनि यो गाडी समयमै प्राप्त हुने कुरामा भने शंका गर्न सकिने अवस्था छ ।

यद्यपि यो साता कम्पनीको प्रतिनिधिहरु नेपाल आउने र यसको वारेमा सबै कुरा थाहा हुने कम्पनी स्रोतको भनाइ छ । महिन्द्राका इलेक्ट्रिक गाडीहरु कुनै समय नेपाली बजारमा निकै नै लोकप्रिय थिए । रेभा र ईटुओ जस्ता मोडलमार्फत नेपाली ग्राहकलाई इलेक्ट्रिक गाडीको रहर पुरा गराएको महिन्द्रासँग अहिले भने बिक्रीका लागि कुनै आकर्षक मोडल छैन । नेपाली बजारमा अन्य कम्पनीहरुले लगातार रुपमा नयाँ मोडल भित्र्याँरहदा महिन्द्राले भने कुनै पनि मोडल उपलब्ध गराउन सकेको छैन । रेभा र ईटुओ जस्ता मोडल पनि छैनन् । यो अवस्थामा आगामी दिनमा महिन्द्रा एक्सयूभीले नयाँ रौनक ल्याउने अपेक्षा गरिएको छ । एक्सयूभी ४०० लाई महिन्द्राले दुई वटा ब्याट्री प्याकमा उतारेको हो । यसमा जडान गरिएको ३४.५ किलोवाट आवरको सानो ब्याट्री प्याकले ३७५ किलोमिटर र ३९.४ किलोवाट आवरको प्याकले ४५६ किलोमिटर रेन्ज प्रदान गर्ने दावी गरिएको छ । यी दुवै ब्याट्री प्याकमा फ्रन्ट एक्सेल माउन्टेड इलेक्ट्रिक मोटर दिइएको छ । जसको अधिकतम पावर १५० एचपी र टर्क ३१० एनएम रहेको छ । यो एसयूभीलाई ५० किलोवाट डिसी चार्जरको साहयतामा ५० मिनेटभित्र शून्य देखि ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ भने ३.३ किलोवाट र ७.२ किलोवाट एसी चार्जरको समेत विकल्प दिइएको छ । यसको टप स्पेकमा ७ इन्चको टचस्क्रिन इन्फोटेन्मेन्ट सिस्टम उपलब्ध गराइएको छ भने अन्य फिचरमा सिंगल प्यानल सनरुफ, ओभर दि एयर अपडेट सहितको कनेक्टेड कार टेक्नोलोजी सहित ६ वटा एयर ब्याग, चारवटै चक्कामा डिस्क ब्रेक र ब्याट्री प्याकमा आईपी ६७ रेटिङ लगायत सेफ्टी फिचर पाउन सकिन्छ ।






# वजाज मोटरसाइकल किन्दा १ लाख उपहार

काठमाडौं । वजाज मोटर साइकलको कुनै पनि मोडल खरिद गर्दा ग्राहले अब ८ हजार रुपैयाँ नगद छुट पाउने भएका छन् । नेपालका लागि आधिकारिक वितरक हंसराज हुलास चन्द एण्ड कम्पनी प्रालिले ल्याएको नयाँ स्किम अन्तर्गत हरेक हप्ता एकजना भायशाली विजेताले १ लाख रुपैयाँ नगद उपहार समेत पाउनेछन् । यो स्किम बजाजको सवै सोरुममा लागु हुने कम्पनीले जनाएको छ । बजाजको हाल नेपाली बजारमा सवैभन्दा सस्तो मोडल प्लाटिना १०० इएस रहेको छ । जसको मूल्य १ लाख ९५ हजार ९०० रुपैयाँ रहेको छ । यसैगरी १२५ सिसीमा उपलब्ध डिस्कभर एसटी र पल्सर विएस६ को मूल्य क्रमश २ लाख ३६ हजार ९०० र २ लाख ७९ हजार ९०० रुपैयाँ निर्धारण गरिएको छ । पल्सर सिरिजको १५० सिसी एसडीको २ लाख ८८ हजार ९०० तथा टिडीको ३ लाख ५ हजार ९०० पर्छ भने १६० एनएस टिडी एविएसलाई ३ लाख ३० हजार ९०० र १६० एन डुअल एविएस विएस६ को ३ लाख ७९ हजार ९०० रुपैयाँ तोकिएको छ ।

कम्पनीले पल्सर २२० एफ एविएस, २०० एनएस नन् एविएस र एविएस, २०० एनएस एफआई एविएस र एविएस विएस६, पल्सर २५० एन डुअल एविएस विएस६, एभेन्जर १६० स्ट्रिट, इभेन्जर २२० क्रुज, डोमिनार २५० र डोमिनार ४०० लगायत मोडलको बिक्री गर्दै आइरहेको छ । यी मोटरसाइकलको मूल्य ३ लाख ९४ हजार ९०० देखी ६ लाख ४४ हजार ९०० रुपैयाँसम्म पर्छ ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा धमला, ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस